पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# नीतिगत निर्णयका नाममा भ्रष्टाचार नबढाऊ

डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको झन्डै १८ महिना पूरा हुन लागेको अवस्थामा भट्टराई नेतृत्वको सरकारले संविधान, ऐन, कानुनलाई मिचेर मनलागी पछिल्लोपटक भट्टराई सरकारले माथिल्लो त्रिसुली ३ को वर्षायाममा मात्र क्षमता बढाउने ८० मेगावाटको थर्मल प्लान्ट खरिद गर्ने नेपाल वाटर इनर्जी डेभलपमेन्ट कम्पनीलाई माथिल्लो त्रिशुली १ को सर्वेक्षण लाइसेन्स दिने निर्णय गरिसकेको छ । सार्वजनिक खरिद ऐन अनुसार संस्थाको हकमा विद्युत् प्राधिकरणलाई मात्र त्यस्तो अधिकार भए पनि मन्त्रिपरिषद्ले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर मन्त्रिपरिषद्ले त्यस्तो निर्णय गरेको हो । कानुनले मन्त्रिपरिषद्लाई कुनै पनि खरिद र ठेक्का दिने अधिकार दिएको छैन । पछिल्लो समयमा बिना प्रतिस्पर्धा चिनियाँ जहाज खरिद प्रक्रियामा समेत पर्यटन मन्त्रालयले मन्त्रिपरिषद्बाटै निर्णय गराउन जहाज खरिद प्रक्रियाका बारेमा मन्त्रालयले प्रस्ताव मन्त्रिपरिषद्मा पठाएको छ । सार्वजनिक खरिद ऐन अनुसार १० लाखभन्दा बढीको खरिदमा टेन्डर प्रक्रियाद्वारा प्रतिस्पर्धा गराएर खरिद गर्नुपर्ने ब्यवस्था भए पनि कमिशनको लागि ऐन कानुनलाई मिचेर बिना प्रतिस्पर्धा जहाज खरिद गर्ने प्रपञ्च रच्नु भ्रष्टाचारीलाई बढावा दिनु नै हो ।

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले सम्हालेको ऊर्जा मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्बाट ठेक्का र खरिद विषयमा सबैभन्दा बढी विवादास्पद निर्णयहरु गरिएका छन् । सम्बन्धित विभाग, संस्थान, निगम, प्राधिकरणहरुलाई अधिकार भए पनि उक्त अधिकारहरुमाथि हस्तक्षेप गर्दै मन्त्रिपरिषद्बाट निर्णयहरु गर्दै कार्यान्वयन गर्ने गरिएकोमा अहिले सबैभन्दा बढी भ्रष्टाचार भएको छ । मन्त्रिपरिषद्बाट गर्ने नीतिगत निर्णयहरुका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्न नपाउने कानुनी ब्यवस्था भएको हुनाले प्रायः सबै मन्त्रालयहरुले आफूले निर्णय गर्न सक्ने अधिकार भए पनि आफूले कुनै पनि निर्णय नगरी मन्त्रिपरिषद्को बैठकबाटै निर्णय गराएर भ्रष्टाचार गर्ने प्रवृत्तिमा लागेका छन् । नेपाल वायुसेवा निगमको सञ्चालक समितिले जहाज खरिदसम्बन्धी निर्णय गर्न सक्ने अधिकार भए पनि उसले आफ्नो अधिकार प्रयोग नगरी मन्त्रिपरिषद्मा निर्णय गराउन प्रस्ताव लानु भ्रष्टाचारलाई संस्थागत गर्नुबाहेक अन्य केही हुन सक्दैन । सार्वजनिक खरिद ऐनको मर्म नै सार्वजनिक खरिदको निर्णयमा राजनीतिक नेतृत्व, मन्त्री र मन्त्रिपरिषद्लाई संलग्न नगराउनु नै हो । तर भट्टराई सरकारले सार्वजनिक खरिद ऐनलाई ठाडो उल्लंघन गर्दै सबै निर्णयहरु मन्त्रिपरिषद्बाट गराउँदै आएको हुनाले मुलुक अब संस्थागत भ्रष्टाचारमा चुर्लुम्म डुब्न सक्ने अवस्थामा पुगेको छ । सार्वजनिक खरिद ऐनको खरिद कार्यको जिम्मेवारीसम्बन्धी दफा ७ को उपदफा (१) मा भनिएको छ । मालसमान निर्माण कार्य वा सेवा खरिद कार्य गर्न वा गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुख र उक्त निकायको सर्वोच्च कार्यकारी निकाय वा संचालक समितिबाट निर्णय भएबमोजिम खरिद गर्नुपर्दछ भन्ने उल्लेख भएको छ । सार्वजनिक खरिद ऐन अनुसार मुलुकलाई हुने घाटा र नाफाको अवस्था हेरि माथिल्लो त्रिसुली ३ को वर्षायाममा मात्र क्षमता बढाउन दिने वा नदिने या थर्मलप्लान्ट खरिद गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार नेपाल विद्युत् प्राधिकरणको संचालक समिति र कार्यकारी निर्देशकलाई मात्र भएको प्रष्ट हुँदाहुँदै मन्त्रिपरिषद्बाट निर्णय गरेर क्षमता बढाउन चिनियाँ ठेकेदार कम्पनीलाई दिइनु सोझै नीतिगत भ्रष्टाचार हो । यसरी भट्टराई सरकारले नीतिगत भ्रष्टाचार गरेर मुलुकलाई दूरगामी असर पर्ने खालका निर्णयहरु गर्नु नेपाली जनताको ठाडो अपमान हो ।

विश्वका कुनै पनि मुलुकका कामचलाउ सरकारले मुलुकलाई दूरगामी असर पर्ने निर्णयहरु गर्ने गरेको इतिहास छैन । तर मार्क्सवादको खोल ओढेर डा. भट्टराई नेतृत्वको सरकारले मुलुकलाई दूरगामी असर पर्ने एकमाथि अर्को निर्णयहरु गर्दै जानु संविधान ऐन, कानुनको ठाडो उल्लंघन र सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान हो । भट्टराई सरकारले नीतिगत निर्णयका नाममा ठूला-ठूला निर्णयहरु गर्दै जानु र निर्माण ठेक्का र खरिद निर्णय मन्त्रिपरिषद्बाटै गराउँदै जानुले भ्रष्टाचारलाई संस्थागत वैधता दिएको प्रमाणित भएको छ । विद्युत् प्राधिकरणले ६ महिनाभित्रमा थर्मल प्लान्ट स्थापना गरी विद्युत् उत्पादन गर्ने नाममा अन्य विकसित मुलुकमा अधिकतम् उत्पादन दिने समय समाप्त भइसकेका पुराना उपकरण नेपाल ल्याउने प्रक्रिया अगाडि बढाइसकेको छ । नयाँ उपकरण ल्याउने हो भने डेढ वर्षभन्दा बढी समय लाग्छ । प्राधिकरणका यी सबै निर्णयहरु विवादास्पद प्रकरणमा भ्रष्टाचारबाट उन्मुक्ति पाउनको लागि मन्त्रिपरिषद्बाट निर्णय गराइएको हुनाले यी भ्रष्टाचारका मामलामा स्वयम् प्रधानमन्त्री बाबुराम भट्टराई र उनको पार्टी प्रत्यक्ष रुपमा संलग्न भएको हामीले महसुस गरेका छौं । यसरी भट्टराई सरकार नीतिगत निर्णयका नाममा मुलुकलाई संस्थागत भ्रष्टाचारको जालोमा फसाउन सक्रिय भएको हामीले अनुभव गरेका छौं ।

# सहमति त पहिला नै च्यातिएको होइन र ?

*देवेन्द्र चुडाल*

एकीकृत नेकपा माओवादीको कारण तत्कालीन नेपाली काँग्रेसका सभापति स्व. गिरिजाप्रसाद कोइरालाले विघटित तत्कालीन प्रतिनिधिसभाको माग थालेको शान्ति प्रक्रिया अहिले धरापमा परेको छ । संविधानसभाको बध हुनुभन्दा अगाडिसम्म नेपाली जनताले संविधानसभाबाटै संविधान पाउने आशा गरेका भए पनि दलहरूको अकर्मण्यता र नालायकीपनकै कारण नेपाली जनताले संविधान पाउन सकेनन् । नेपाली जनताले संविधानसभाको निर्वाचनमार्फत् संविधान निर्माण गर्न आ-आफ्ना जनप्रतिनिधिहरूलाई दुई वर्षको म्याद दिएर संविधानसभामा पठाए पनि असक्षम नेताहरुकै कारण संविधानसभाको म्याद पटक-पटक गरेर चार वर्ष पुऱ्याए पनि उनीहरूले संविधान नै निर्माण नगरी संविधानसभाको बध गरिदिए । संविधानसभाको वध भएको नौ महिना वितिसक्दा पनि दलहरूबीच संविधान निर्माण गर्ने कुरामा सहमति हुन नसकेको हुनाले मुलुक चरम संकटमा धकेलिएको छ । संविधानसभामा उपस्थित भएका दलहरु सत्तास्वार्थ र व्यक्तिगत महत्वकांक्षाकै लागि विभाजित भएर आ-आफ्नो डम्फु बजाइरहेका हुनाले दलहरूले जनताको आशा एवम् विश्वासमाथि विश्वासघात गरिरहेका छन् । संविधानसभामा सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादी नेतृत्वले व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थका लागि आदिबासी र जनजाति नेताहरूलाई उचालेर जातिगत आधारमा प्रदेशहरु निर्माण गर्ने अवधारणा अगाडि सारेका हुनाले संविधान निर्माण हुन नसकेको प्रष्ट हुँदै गएको छ ।

२०६२-०६३ सालमा तत्कालीन सात दल र तत्कालीन माओवादीबीच भएको १२ बुँदे सहमति र त्यही सहमति अनुसार भएको वृहत शान्तिसम्झौता अनुसार दलहरु अगाडि बढेका भए मुलुकले पहिला नै संविधान पाइसक्ने थियो । तर त्यसो हुन सकेन । शान्ति सम्झौता हुँदाको बखत प्रभावशाली मानिएका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले १७ हजार निर्दोष जनताको रगत बगाएर त्यही रगतलाई साक्षी राखेर खनिएको शान्तिको मार्गलाई आफूहरूले स्वीकार नगर्ने हो भनेर शान्ति सम्झौताका कागजहरु च्यातिदिने धम्की दिएर मुलुकको लोकतान्त्रिक गणतन्त्रलाई प्रश्नचिन्ह लगाइदिएका छन् । वध गरिएको संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको धाक लगाउँदै जनता र मुलुकलाई नै झुक्याउँदै हिंड्ने पुष्पकमल दाहालबाट साँच्चीकै मुलुकका समस्याहरु समाधान हुन्छ भनेर पत्याउन सक्ने अवस्था अब रहेन । पटक-पटक भएका शान्ति सम्झौता र त्यही अनुसार दलहरूबीच भएका सहमतिहरु एमाओवादीले कहिल्यै पालना गर्न चाहेन । पछिल्लोपटक शान्ति सम्झौताहरु च्यातिदिने धम्की दिने दाहालले पहिला नै सहमति भएका विषयहरु पालना नगरेर शान्ति सम्झौतालाई पहिला नै च्यातिसकेका छन् । वृहत शान्ति सम्झौताअनुसार माओवादीले कब्जामा लिएको सम्पत्ति घर जग्गा सम्बन्धित व्यक्तिलाई छ महिनाभित्रमा फिर्ता गर्ने उल्लेख भए पनि आजसम्म केही अपवादलाई छोडेर फिर्ता भएका छैनन् । १७ हजार निर्दोष जनताको हत्या गरेर सत्ताको स्वादमा रमाउँदै आएको एमाओवादी सत्ताको लागि पैसा र पैसाको लागि सत्तालाई प्रयोग गरिरहेको छ । जसरी भए पनि एकीकृत नेकपा माओवादीलाई सत्ता चाहिएको प्रमाण त हालै अध्यक्ष पुष्पकमल दाहालले नै उद्घोष गरेका छन् । अबको १० वर्षसम्म एमाओवादीले सत्ता छोड्दैन, विपक्षीहरूले १० वर्षसम्म धैर्य बस्ने भन्ने उद्घोष नै एमाओवादीको सत्ता नछोड्ने कुटिल षड्यन्त्र हो । एकातिर सहमतिको नाटक मञ्चन गर्ने अनि अर्कोतिर १० वर्षसम्म सत्ता पाउँदैनौ भनेर विपक्षीहरूलाई धम्क्याएर हिंड्ने प्रवृत्तिले गर्दा एमाओवादीको सहमतिको नाटक केवल नाटकमात्र हो भन्ने प्रमाणित भएको छ ।

एकीकृत नेकपा माओवादीको भित्री रणनीति भनेको संविधानसभाबाट संविधान बनाउन नभइ अधिनायकवादी बाटोबाट अगाडि बढ्ने नै हो भन्ने सबैले प्रष्ट रूपमा बुझेकै हुनुपर्दछ । दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्या छानविन प्रकरणमा प्रधानमन्त्रीको भूमिकाबाटै एमाओवादी के चाहन्छ भन्ने प्रष्ट भएको छ । त्यसैले सबैले सजिलै अनुमान गर्न सकिन्छ एमाओवादीले जसरी भए पनि अधिनायकवादी बाटोबाहेक अन्य केही सोचेको छैन । मुखमा मात्र लोकतान्त्रिक बोली बोलेर भित्री रूपमा ऊ अधिनायकवादी बाटोतर्फ उन्मुख हुँदै गएको हुनाले नै उसले मानवअधिकारको मूल्य र मान्यता विपरित सञ्चार क्षेत्रका व्यक्तिहरूलाई एमाओवादीका विरूद्ध लेख्ने बोल्नेहरूलाई छोड्दैनौं भनेर धम्क्याउन थालेका छन् । स्वयम् प्रधानमन्त्रीलेसमेत प्रेस जगतलाई धम्क्याउनुले एमाओवादीका नियतहरु प्रष्ट भएको छ । सूचना पाउनु जनताको नैसर्गिक अधिकार भए पनि एमाओवादी नेतृत्वको सरकारले सूचना लुकाएर आफ्नो सक्कली अनुहार प्रष्ट पारिसकेको छ । प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले अहिलेसम्म नेपालमा बनेका सरकारहरूको रेकर्ड तोड्दै भ्रष्टाचारमा नयाँ कीर्तिमान नै कायम गरेको छ । पछिल्लो समयमा ऊर्जा मन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री भट्टराईले कमिशनकै लागि माथिल्लो त्रिसुली आयोजना ए ३ को समयसीमा बढाएर वर्षायाममा मात्र उत्पादन हुने गरी ३० मेगावाट विद्युत् निर्माण थप गर्न चिनियाँ कम्पनीलाई ठेक्का दिएका छन् । ६० मेगावाट विद्युत् उत्पादन गरिसक्नु पर्ने सम्झौता भएकोमा पुनः दुई वर्षको म्याद थपेर चार अर्ब रूपैयाँ थपिदिने निर्णय गरेर सोझै राष्ट्रघात गरेका छन् । त्यसै गरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने कार्यमासमेत ठूलो भ्रष्टाचार भएको र पछिल्लो समयमा नेपाल वायुसेवा निगमलाई आन्तरिक उडानका लागि चिनियाँ कम्पनीहरूबाट जहाज खरिद गर्ने निर्णय मन्त्रिपरिषद्बाटै गराएर संविधान, ऐन, कानुनलाई ठाडै खिल्ली उडाएका छन् ।

नेपालको संविधान ऐन कानुन अनुसार मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानविन गर्न नपाउने कानुनी व्यवस्था भएको हुनाले प्रायः सबै मन्त्रालयहरूले आफैंले गर्नसक्ने निर्णयहरु पनि मन्त्रिपरिषद्मा लगेर मन्त्रिपरिषद्को बैठकबाटै निर्णय गराउने गरेका हुनाले त्यहाँ नीतिगत निर्णयमै ठूलो मात्रामा भ्रष्टाचार हुने गरेको छ । सार्वजनिक खरिद ऐन अनुसार १० लाखभन्दा बढीका खरिद गर्नुपर्ने भएमा टेन्डर प्रक्रियाबाट प्रतिस्पर्धा गराएर खरिद गर्नुपर्ने कानुनी व्यवस्था भए पनि त्यसलाई उल्लङ्घन गर्दै अन्तर्राष्ट्रिय उडानको अनुमति समेत नपाएको चिनियाँ कम्पनीबाट जहाज खरिद गर्ने निर्णय गर्नु भ्रष्टाचारबाहेक केही हुन सक्दैन । मन्त्रिपरिषद्लाई ठूला-ठूला ठेक्क दिने र खरिद गर्ने अधिकार नभए पनि आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर ठेक्का दिने र खरिद गर्ने निर्णय गर्नु सोझै संविधान, ऐन र कानुनको वर्खिलाप बाहेक अन्य केही होइन । चरम अवसरवादी मधेसी मोर्चाको सहयोग र समर्थनमा मुलुकलाई दूरगामी असर पर्ने खालका कैयौं निर्णयहरु गरेर भट्टराई सरकारले मुलुकमाथि राष्ट्रघात मात्र गरेको छैन । नेपाल र नेपाली जनताको

बाँकी ५ पेजमा

**महाधिवेशन उद्घाटनको क्रममा प्रधानमन्त्री बाबुराम भट्टराईले विपक्षी दलहरु निर्वाचनमा नगए पनि आगामी जेठ १५ गतेभित्रमा संविधानसभाको निर्वाचन गराई छाड्ने उद्घोष गरेका हुनाले एमाओवादी र भट्टराई सरकार सहमतीय सरकारको लागि तयार नभएको प्रमाणित भएको छ**

# दैलेखबाट उठेको जन-आँधी राजधानी छिर्दैछ



राजन कार्की

स्वर्गीय कांग्रेसी नेता कृष्णप्रसाद भट्टराईको जन्मजयन्ती मनाउन बाँडेगाउँ पुगेका प्रधानमन्त्री बाबुराम भट्टराईले मार्क्सवादी सिद्धान्त भनेकै टिट फर ट्याट हो भनेर कांग्रेसलाई तर्साउने काम गरे । यिनै प्रधानमन्त्री बाबुराम र यिनका कानुनची मुक्ति प्रधानले डेकेन्द्र हत्याकाण्डका हत्याराको बयान नलिनु भनेर फर्मान जारी गरे । न्यायमाग्ने दैलेखमा निस्केको दैलेखी जनता, अधिकारकर्मी, पत्रकारहरूको जुलुसमाथि गोली हान्न भन्ने आदेश दिए । दैलेखलाई जनयुद्धकालको रौतहट बनाउन नसक्ने प्रशासक र सुरक्षाकर्मीलाई तत्काल सरुवा गरेर दण्डित गर्ने यिनै बाबुराम हुन् । यसबारे सर्वोच्चमा मुद्दा पर्‍यो, सर्वोच्चले अनुसन्धानमा बाधा नहाल्नु भन्दै आफै आएर जवाफ देउ भनेपछि प्रधानमन्त्री बाबुराम र महान्यायाधिवक्ता मुक्ति प्रधानले माघ १५ र १६ गते सर्वोच्च पुगेर लिखित जवाफ दिए- हामीले त्यस्तो काम गरेकै छैनौं । झूठको खेती भनेको यही हो ।

महिला हिंसाविरुद्ध अकुपाई बालुवाटार आन्दोलन जारी छ । आन्दोलन तितरबितर पार्न कहिले थुनछेक गर्ने, कहिले प्रहरीलाई लाठीचार्ज गराउने र तिनीहरूको आवाजको वास्तै नगर्ने प्रधानमन्त्री महिला हिंसाविरुद्ध प्रतिवद्धता जनाउछन्, काम केही गर्दैनन् । महिला आमा पनि हुन् । आमाप्रति बाबुराम किन यति संवेदनहीन भएका होलान् ? हुन त मुलुक पनि आमा हुन्, मुलुक-आमाप्रति इमान राख्न नसक्नेले महिला-आमाप्रति बेइमान व्यवहार गर्नु स्वभाविक हो । त्यसैले बाबुराम सार्वभौम शक्ति केन्द्र जनतामा जानुपर्छ, जनशक्तिमाथि त्रासदी धम्की दिएर दमन गर्ने अधिकार कसैलाई छैन भन्ने लोकतन्त्रको सुन्दरता, आकर्षण, गरिमा र महिमा बुझ्दै नबुझेजस्तो गर्छन् । रातो किताव, ट्याक्टिकल इक्विलिब्रियम र शक्ति बन्दुकको नालबाट निस्कन्छ भन्ने मन्त्र उनलाई कण्ठस्थ छ । बाबुराम राष्ट्रसंघका प्रतिनिधि गोर्डन ब्राउनले विश्वभर देखा परेको नारी जागरणलाई 'विश्व नयाँ नारी शक्ति' भनेको पनि सुन्दैनन् । भ्रष्टाचार व्याप्त छ, महिना दिनभित्र ५० भन्दा बढी बाल बलात्कार र क्रुर महिला हिंसाका घटना सार्वजनिक भइसक्दा पनि बाबुराम सुशासनको गीत गाइरहेका छन् । पहिले २५ वर्ष सत्ता चलाइन्छ भन्ने माओवादी अब कांग्रेस-एमालेले १० वर्ष सत्ता पाउछु भनेर नचिताए पनि हुन्छ भन्न थालेको छ । माओवादी नेताहरू लोकतन्त्रको खुला आकाशलाई साँघुऱ्याएर आकाशतिर फर्केर थुकिरहेका छन्, बुझ्न सकिन्न । नेपाली समाजमा प्रचलित हुटिट्याउँको कथा सम्झना आउँ छ । यतिखेर बाबुराम शासनशैली, इतिहासको लेनिन शैली बन्नपुगेको छ ।

बाबुराम मुस्ताङ स्याक्स चढेर वाहवाही बटुल्दै थिए, अब ललितपुरको गाउँ जान हेलिकोप्टर चढ्न थालेका छन् । बाबुरामले चलाएको सरकारले सीमा अतिक्रमण, विदेशी हस्तक्षेप, असमान सन्धिमात्र होइन, ललितपुरको डीएभी केडिया संस्थामा बुद्ध भारतमा जन्मेका, कञ्चनजंगा भारतमा पर्छ भनेर पढाइन्छ । पत्रपत्रिकाभरि जनआपत्ति प्रकट हुन्छ तर त्यो आपत्ति न बाबुराम सरकार पढ्छ, न बाबुरामको हेलो सरकारले सुन्छ ? धेरै चन्दा पाएर हो कि माओवादी नेता नै शिक्षामन्त्री छन् दिनानाथ शर्मा, उनी पनि थाहा नपाएजस्तो गर्छन् । निदाएकोलाई ब्यूझाउन सकिन्छ, निदाएको बहाना गर्नेको ओखती छैन ।

बाइनले भनेका थिए- जसले देशको माया गर्दैन, त्यसले कसैको पनि मया गर्दैन । एकतन्त्र, एकछत्र चलाउन सत्ता कब्जा गर्नैपर्छ भन्ने बुझेका बाबुरामसँग लोकतन्त्रको न भिजन छ, न उनको शासन लोकतान्त्रिक हो भन्ने रिजन । बाबुराम शासन रोमान्टिक आकर्षण हो, जुन आकर्षण क्याडरबेश पार्टी माओवादीभित्र अफिमको नशामा झैं लठ्ठ पार्ने खालको छ । त्यहाँ लोकतन्त्र खोज्नु भनेको स्यालको सिङ खोज्नुजस्तै हो । त्यसैले देशभरि थरथरिका आतंक फैलिदो छ, लोकतन्त्रका मर्यादाहरू मिचिदो छ । यसकारण बाबुराम डुक्रिन्छन्-डेकेन्द्रको चिहान नखोतल, तिमीहरू पनि बच्दैनौं । उनका अनुयायीहरू कुर्लिन्छन्- १० जना पत्रकारलाई डेकेन्द्र बनाइदिन्छौं । दैलेखमा आतंकित पत्रकार सुर्खेत झरेका छन् । देशभरि पत्रकारहरू, अधिकारकर्मीहरू, महिलाहिंसा विरोधीहरू आन्दोलित छन् । चुनाव हुनैपर्छ, चुनावी सरकार गठन हुनुपर्‍यो भनेर विपक्षी राजनीतिक दलहरूले तेस्रो जनआन्दोलनको आँधी ल्याउन आन्दोलित छन् । सडकभरि कानुनको शासनको माग छ । प्रधानमन्त्री बाबुराम यिनीहरूलाई डलरमणिहरूको आन्दोलन भनेर लाञ्छित गर्छन् । डलर कसरी, कुन प्वालबाट आइरहेको छ ? त्यो निकास थुन्न प्रधानमन्त्री साहस गर्दैनन्, चर्को भाषण गरेर चर्को विरोध गर्छन् र प्रतिपक्षीको प्रतिरोध गर्न सत्तालाई सडकमा उतार्ने तैयारीमा जुट्छन् । कस्तो आश्चर्य ?

नेताको शिरमा भष्मासुर सवार भएपछि नरसंहार हुन्छ । १८०४ मा फ्रान्सबाट स्वतन्त्र भएको हाइटीमा यस्तै भयो, इण्डोनेसियाको प्रान्त रहेको टिमोरमा गृहयुद्ध चर्किएर लाखौंलाख जनताले ज्यान गुमाउनु पर्‍यो । २०१९ सालमा राजा महेन्द्रको सिन्दुर परेका धर्मरत्न यमीकी छोरी र भारतीय नेपालविज्ञ एसडी मुनीको 'संगत'ले जनइच्छा र लोकमार्ग छाडेर सर्वसत्तालाई स्वर्ग देख्नु भनेको इटलीका अल्दिमोरो मार्ग हो भन्ने भनाई छ विश्लेषकहरूको छ । कतिले त बाबुरामको गंगनम स्टाइलको नतिजा एमाओवादीको महाधिवेशन (२०-२५ माघ) पछि देखिदै जाने ठोकुवासमेत गरेका छन् । व्यक्तिगत रुपमा बाबुराम जस्तोसुकै हुन्, उनको व्यक्तित्व किन सखखरमा झिङ्गा टाँसिएझैं टाँसिएर राष्ट्रिय घृणा बन्नपुग्यो ? प्रश्न यति हो । एउटा नेता बिग्रदा त्यसको मार लामो समयसम्म देशले भोग्नुपर्छ ।

**बाबुराम राष्ट्रसंघका प्रतिनिधि गोर्डन ब्राउनले विश्वभर देखापरेको नारी जागरणलाई 'विश्व नयाँ नारी शक्ति' भनेको पनि सुन्दैनन् । भ्रष्टाचार व्याप्त छ, महिना दिनभित्र ५० भन्दा बढी बाल बलात्कार र क्रुर महिला हिंसाका घटना सार्वजनिक भइसक्दा पनि बाबुराम सुशासनको गीत गाइरहेका छन्**

किनकि नेता लिडर पथ छाडेर डिलर भयो भने राजनीति अनीति बन्नपुग्छ । अनीतिमा समाजलाई अग्राह्य अनर्थ अनर्थ काममात्र देखिन्छ । अनीतिले हाक्ने राजनीति भनेको स्वार्थ, व्यापार हुनजान्छ । व्यापारीको राष्ट्रियता हुँदैन, उसका लागि मुनाफा नै सबैथोक बन्नजान्छ । नेपालमा राजनीतिक नैतिकताको पहिरो जानु लिडर डिलर बनेर हो । संविधानसभा बिघटन गरेर संवैधानिक र राजनीतिक निकासविहीन अवस्थामा मुलुकलाई गुम्स्याउने बाबुराम सरकार डिलरको राम्रो नमून बनेको छ । भनिन्छ, भगवान, न्यायाधीश र डाक्टरका अगाडि कुनै कुरा नढाट्नु । तर बाबुराम सरकार लोकतन्त्रका न्यायाधीश जनतालाई सकेसम्म ढाँटिरहेको छ । ढाँटको खेती, खाई पत्याउनु भइरहेको छ ।

इतिहास साक्षी छ- स्पेनमा रिभेरो भन्ने व्यक्तिको गुण्डागर्दी शासनका कारणले स्पेनमा ३ लाख मानिस मारिन पुगे । जनताले गद्दी छाडेर गएको राजतन्त्रको अस्तुका रुपमा हुवाँ कार्लोसलाई पुनर्स्थापना गराएर शान्ति र सहमतिको खोजी गर्नुपर्‍यो । नेपालमा त्यस्तो गर्नु नपरोस् । थाइलैण्डमा राजालाई मार्न तम्सिने शक्ति सिर्जना भएपछि राजाले गद्दी त्याग गरे । थाइलैण्डमा रक्तपात मच्चियो र रक्तपात रोक्न र वर्तमान थाइलैण्ड निर्माण गर्न जनताले हस्तक्षेप गर्नुपर्‍यो । नेपालमा जनताले हस्तक्षेप गर्नुपर्ने त्यस्तो स्थिति नआओस् ।

यसका लागि राजनीतिकर्मीहरूले जनतालाई शक्ति मान्नुपर्‍यो । जनतासँग डराउनु पर्‍यो । जनशक्ति र मुलुकको क्षयीकरण गरेर बलियो हुने सोच मिर्जाफर अथवा लेण्डुपले मात्र राख्नसक्छ । आफूलाई लोकतन्त्र मान्नेले लोकको आदेश लिएर राज्यसत्ता चलाउनु पर्‍यो । वर्तमान राजनीतिमा लोक कहाँ छ, देखिन्न । लोकशक्तिलाई किन नेताहरू अमान्य गरिरहेका छन्, बुझिन्न । गणतन्त्रमा गण गौण बन्यो, लोकतन्त्रमा लोक । जनमत र जनविश्वास गुमाएकाहरू तानाशाही बलियो बनाउँदैछन् । बिधान मासेर अवैधानिक सत्ता सञ्चालन र राजनीतिक गतिविधि 'बिलिब्रान्टको समाजवाद' हुन सकेन । राजनीतिक आदर्श स्वार्थको खल्तीमा कैद हुनपुगेका छन् । अहिले पनि चाहने हो भने एमाओवादी चमत्कारिक हुनसक्छ । कसैलाई २२ वर्षपछि हुनलागेको अधिवेशनबाट एमाओवादीको अध्यक्ष हुनपरे भए हुन्छ । जनताले एमाओवादीको चरित्र बुलेटको होइन, ब्यालेटको देख्न चाहेको हो । जनतामा एमाओवादीका अवधारणा चुम्बकीय गुरुत्वाकर्षणयुक्त होउन् भन्ने अपेक्षा छ । देशै एमाओवादीमय भइसक्यो भन्ने दम्भ सत्य हुनसक्दैन । यो ६० को दशकको चीनको माओयुगको धङधङेमात्र हुनसक्छ । एमाओवादीले लगाएको लोकतान्त्रिक गणतन्त्र नेपालको फुस्रो रटान भनेको श्री ३ मोहनशमशेरले दिनको सतचालिस पटक हात धोएजस्तै भएन र ? लोकतान्त्रिक गणतन्त्र हुनका लागि किन संविधान कार्यान्वयन हुनुपर्‍यो, निष्पक्ष र स्वतन्त्र चुनावको बाटो खुल्नुपर्‍यो । भयमुक्त वातावरण कायम हुनुपर्‍यो । त्रासदीमा लोकतान्त्रिक गणतन्त्र बाँच्न सक्दैन । भिडन्त र हिंसामात्र भड्किन्छ ।

प्रश्न यत्ति छ कि जनतालाई कमैया बनाएर नेताहरूले कुत कहिलेसम्म खाइरहने ? टुकुचागन्धे राजनीतिक माहोल कहिले सुधार हुने ? जनतामा फैलिएको राजनीतिप्रतिको वितृष्णा कहिले हटाउने ? जनताप्रति, देशप्रति न्याय गर्न नसक्नेहरूको राजनीतिक यात्रा कहिले रोकिने ? गणतन्त्रको मैदानमा मानवतावाद, राष्ट्रवाद, समाजवादको बृक्षारोपण कहिले थाल्ने ? जनता विस्मार्क खोजिरहेको छ, नेताहरू बिपत्तिमाथि बिपत्ति खडा गरिरहेका छन् ।

निष्कर्षमा यत्ति भनौं- चीनमा सनयात सेन र माओ, दुवैलाई जनसमर्थन प्राप्त थियो । तर माओ सत्तामा पुगे, सनयातसेन फर्मोसा भासिए । सत्तामा पुग्ने माओले पनि अन्तमा जनताकै सामु घुडा टेकेर जनतासुग माफी माग्नुपर्‍यो । तिनै जनवादी माओलाई माओवादी सिद्धान्त बनाएर हिड्नेहरूले किन जनतालाई यसरी लत्याएर हिडिरहेका हुन् ? नेपाल फेरि अर्को परिवर्तनको संघारमा पुगेकै हो त ?

**बर्डफ्लु लगायतका रोगबाट बच्न तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरु अपनाऔं:**

- पशुपंक्षी खरीद गर्दाश्रोत एकीन गरी मात्र खरीद गरौं । खरीद गरी ल्याएका पशुपंक्षीलाई खाफुसंग रहेका पशुपंक्षीहरुसंग नमिसाई कम्तीमा पनि ७ दिन छुट्टै स्थानमा राखौं ।
- पंक्षी पालन गरिएको क्षेत्र नजीक जंगली पंक्षीहरु आकर्षित हुने वातावरण नबनाऔं ।
- पशुपंक्षी पालन गरिएका गोठ तथा खोरहरुमा बाहिरका मानिसहरुलाई अनावश्यक आवत जावत गर्न नदिऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# Kashmir Solidarity Day: 5th February 2013

*By Zaheerul Hassan*

All over the world Pakistani community will display unity and solidarity with Kashmiris on 5 February 2013. Kashmir Solidarity Day is being observed on 5 Feb each year since 1990 in Pakistan as a day of protest against Indian Occupied Kashmir (IHK). The disputed state is located north of India. 139,000 Sq Km (53,700 Sq Mi) with population of over 10 million (2001) Kashmir state is bounded to the west by Pakistan. 740 Km Line-of-Control separates it from Azad Kashmir and in the East by Ladakh, Tibet and Aksian China. The state is drained by numerous rivers which include Indus, Zanskar, Suru, Nubra Shyok, Jhelum, and Chinab. The valley is known as heaven on earth because of its scenic beauty, Chinar, Deodar and Alpine trees, grassy slopes full of flowers, fresh water lakes, waterfalls, crystal blue sky and snow covered high peaks and brave inhabitants of the valley.

Kashmiris are raising slogans of annexation with Pakistan since the day, when Hari Singh, Maharaja of Jammu & Kashmir against the wishes of locals announced its accession with India in October 1947. However, 'Kashmir Movement" basically started on the day when British have sold Kashmiris' territory to Sikh ruler under a contract deed. However the moment which was started in 1931 against Dogra rule is still going on since Kashmiri still deprived of basic human rights.

Anyhow, on coming 05 February all Pakistani with their Kashmiris brothers will pay homage to martyrs and express solidarity with Kashmiri people who are still languishing under the yoke of Indian repression. On 26 January of this year Kashmiris all over the globe have also observed Indian Republic Day as "Black Day".

Pakistani masses are determined to display unity and solidarity with Kashmiris and condemn Indian violation of Human rights in Kashmir too. It is evident that since 1989 to 15 October 2012, total killing of innocent individuals were 93,801, custodial killings in various camps and jails were 6,996. Overall 1, 20,392 individuals have been arrested, structural damaged have been done to the property was 1, 05,955. Moreover 22,764 women have been injured and suffered with severe injuries, 10,042 women have been gang raped or molested and over 1, 07,441 kids have become orphaned.

Notably, hundreds of serving Indian soldiers including senior officers are involved in widespread human rights abuses in Indian Held Kashmir, as reported by Daily Guardian reports. The article published in the United Kingdom's leading daily gives reference to report by a team of veteran legal activists in the Himalayan state that names 500 alleged perpetrators ranging from low-ranking policemen to Indian army generals. The writer Jason Burke based in Delhi says the charges relate to incidents occurring throughout more than 20 years of violence pitting armed religious and freedom fighters groups against New Delhi's rule in Held Kashmir and include shootings, abductions, torture and rapes.

Indeed, the issue of Jammu and Kashmir is the oldest unresolved issue on the agenda of the UNO. From January 1948 to May 1971, the organization has passed twenty seven resolutions and carried out many debates/discussions concerning Jammu and Kashmir. In this connection UN Security Council Resolutions number 91, 96 of 1951 and Resolution Number 98 of 1952 have very clearly stated plebiscite. In all of its resolutions, including resolutions of United Nations Commission for India and Pakistan (UNCIP), UN asked India for a fair and impartial plebiscite to decide the future status of Jammu and Kashmir as per the wishes of the its subjects. Late Prime Minister Jawaharlal Nehru though initially agreed in 1948 and during Sino- India war of 1962 but declined to implement the UN resolutions and abiding by the promise of settling down the Kashmir issue with Pakistan after the war. Both the countries have fought four wars over the issue. In this regard, number of bilateral talks including Confidential Building Measures (CBMs) have been held on the issue but India always tried to sideline it whereas , contrary to it Pakistan have made serious efforts to crystallize the issue with a view to resolve the conflict under UN resolutions.

In this connection, at times Islamabad preferred to discuss others issues of CBMs, but New Delhi never ever shown encouraging reaction in relation to Kashmir problem. New Delhi has been stressing to strengthen the Confidence Building Measures (CBMs) with Islamabad to normalise the relations between two capitals, but she always shown reluctance in discussing the Kashmir and water problems as major issues between two capitals. She has never given any positive signal of taking a step forward for settling the Kashmir conflict rather preferred to put it aside on the name of continuation of peace process. .

Resultantly, the tension escalated when Indian soldiers crossed over the Line of Control (LoC) in Kashmir on January 6, this year and attacked a Pakistani check post in Haji Pir setor, killing one Pakistani soldier and injuring many troops. Besides, Indian troops shot dead another Pakistani soldier at Hotspring on the LoC on January 10 and 16 January of this year. Indian political and military elite is trying to create war phobia while; Postponing Indian PM visit to Islamabad, stopping scheduled visit of their negotiation team on Wuller barrage, returning back of players of Pakistani hockey team, protest against Pakistani cultural ambassadors, stopping Pakistani embassy staff from visit Jaipur, threatening to Pakistan by Indian Army and Air Forces Chiefs on LoC clash and warning residents of Kashmir to build underground bunkers to prepare for a possible nuclear, biological and chemical war. Purpose of the said Indian campaign is to malign Pakistan and create hype before elections too.

In fact, Kashmir issue always remained very tricky and touchy aspect in internal and external Indo-Pakistan politics. We should admit from the outset that none of the government is in a position to delink Kashmir issue independently from their local traditional politics; therefore win-win solution would be the answer of resolving the issue, i.e. 'division of Kashmir while taking Kashmiris into confidence".

South Asian security situation is also directly linked with the Kashmir problem due to the history of the wars between India and Pakistan. Moreover regional Geopolitics, where gets stimuli from the interference of super powers there it too influences by the factors like natural resources, geographical features, agro economy, need of hydro generation, strategically vital locations and development of nuclear capability. The regional security gets threatened due to the lust of capture of natural resources by any powerful regional actor and pinching issue like Kashmir. Thus, we can say that resolving of issue between two nuclear sates get more importance because ignition may push the region into nuclear conflict.

Thus, we can say that permanent regional peace cannot be established without resolving issues of Siachen,

Sir Creek, Wullar Barrage, water and especially main dispute of Kashmir. Pakistani masses are standing shoulder to shoulder with their Kashmiri brothers for the liberation of Kashmir.

# बनवासामा भारतीय ज्यादति बढ्यो

भारतीय सिमावर्ती शहर बनबासाबाट गड्डाचौकी नाका भएर आयात हुने सामान चेकजाूचका नाममा प्रहरीले अवैध असुली गर्ने गरेको नौलो घटना होइन । पैसा असुल्ने मुख्य ध्येय राखेर प्रहरी कर्मचारीहरूले अनावश्यक चेकजाूच गर्ने गर्छन । साइकलमा सामान आयात गर्ने साना क्यारिङवालालाई पैसा नदिएकै कारण प्रहरीले नियन्त्रणमा लिने गरेको तथ्य खुलेको छ । सिमानाकामा कडाइको नाटक गर्न प्रहरीले साइकलमा सामान आयात गर्नेलाई नियन्त्रणमा लिने गर्छन् ।

प्राप्त सूचनाका अनुसार प्रहरीका उच्च अधिकारी सिमा नाकामा हुने हुने तस्करीमा संलग्न रहेका छन् । शसस्त्र र नेपाल प्रहरीका जिल्ला स्थित उच्च अधिकारीले सिमा नाकाबाट अवैध सामान आयात गर्ने तस्करबाट पैसा लिने गरेको समाचार स्रोतको भनाई छ । समाचार स्रोतका अनुसार प्रहरी उच्च अधिकारीले प्रति तस्करबाट ५० हजारदेखि १ लाख रुपैयाूसम्म प्रति महिना रकम लिने गर्छन् । प्रहरीसूगको मिलेमतोमा राती आयात हुने सामानहरू भन्सार चलान नै नगरि सिधै पास गर्ने गरिएको स्थानीय बताउूछन् । भन्सार सीमानाका बासिन्दाका अनुसार दैनिक १ देखि ३ ट्रक सामान राती आयात गरिन्छ । तर, राती आउने सामानबारे आफुहरूलाई कुनै थाहा नहुने गड्डाचौकी भन्सार कार्यालयको भनाई छ । प्रहरीकै संलग्नतामा सीमा नाकाबाट तस्करी हुन्छ भने कसरी चोरी पैठारी रोकिन्छ ? सीमा नाकाबाट हुने अवैध आयातका बारेमा स्थानीय प्रशासन मौन रहनुले यस्ता प्रकारका क्रियाकलापमा प्रहरीको संलग्नता वढ्दै गएको हो । स्थानीय राजनीतिक दल र जिल्ला प्रशासनले सीमा नाकामा हुने चोरी पैठारीको बारेमा कुनै चासो नदेखाउनाले प्रहरीको मनोमानी वढेको देखिन्छ । देशका लागि राजनीति गर्ने भन्ने राजनीतिक दल सीमा नाका हुने तस्करी बारे केही वोल्न चाहँदैनन् । राजनीतिक दलको निस्क्रियताका कारण स्थानीय प्रशासनले समेत यसप्रति चासो नदेखाएको हो । यसमा स्थानीय नेताहरूको पनि संलग्नता हुनसक्छ ।

सीमा नाकामा हुने चोरी पैठारी र प्रहरी मिलेमतोको विषयमा तत्काल अनुसन्धान हुनु जरुरी छ । प्रहरीकै संलग्नतामा चोरी पैठारी हुने गरेको तथ्यहरू बाहिर आइरहूदा यसवारे स्थानीय प्रशासनले मौन रहनु अर्को आश्चर्य हो । राजनीतिक दलको सक्रियतामा राज्यको प्रतिनिधि स्थानीय प्रशासनले सीमा नाकामा हुने गतिविधि रोक्न विशेष कदम चाल्नु जरुरी छ ।

# सम्पत्ति शुद्धिकरण भन्दै सम्पत्ति कमाउदै

सम्पत्ति शुद्धिकरण भन्दै सम्पत्ति कमाउँदै, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको समाचार हो । सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा महानिर्देशक भएर खुमराज पुञ्जाली आए, टिक्न सकेनन् । त्यसपछि मुक्ति नारायण पौडेल आए उनी पनि सरुवा मागेर गए । राजेन्द्र नेपाल आए र गए । अहिले सूर्यप्रसाद आचार्य आएका छन्, उनले कुन सम्पत्ति शुद्धिकरण गर्लान र अवैध सम्पत्तिवालालाई जेल चलान गर्लान्, कसैले पत्याएका छैनन् । यसैवीच मारवाडी व्यापारीहरूले अपहरण, अपराधिक क्रियाकलापमा लागेकाको सम्पत्ति शुद्धिकरण गर्नुपर्छ तर लामो समयदेखि व्यापार, उद्यम गरिआएकाको सम्पत्ति शुद्धिकरण गर्ने कामले लगानीमा बाधा भयो भनेर उजूरी हालेका छन् । यस सम्बन्धमा विभागले विचार गर्ने भनेको छ, कस्तो विचार गर्छ, सरकारले कस्तो नीति लिन्छ, अभ्रैसम्म स्पष्ट हुनसकेको छैन । भनिन्छ, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग व्यापारी, उद्यमीलाई दुःख दिएर कुम्ल्याउने विभाग बन्दैछ । यो विभागलाई जो कसैलाई पनि शंकाका आधारमा छानबिन गर्ने अधिकार छ । असीमित अधिकार पाएको यो विभागमा राजनीतिक चलखेल पनि व्यापाक हूदै गएको छ । जहाू पैसा आउने अंकूश हुन्छ, त्यहाू राजनीतिक दबाब र प्रभाव हुनु भ्रष्टाचारी कूशासनको परिचय हो । त्यसैले बाबुरामका हुडारहरू यो विभागमा घुमिरहेका देखिन्छन् ।

२०६८ साल साउन १ गते विदेशीको दबाबमा यो विभाग स्थापना भएको हो । अवैध आर्थिक कारोवारीलाई कारवाही गर्न गठन भएको यो विभाग अहिले असरल्ल बन्दै गउको छ । अर्थ मन्त्रालयका अधिकारी भन्छन् : यो विभागले सिन्को पनि भाूच्न सक्दैन । अवैध सम्पत्तिलाई बैधानिक बनाइदिने लाइसेन्स पाएको विभागले लक्ष्यअनुसार काम गर्न सकिरहेको छैन ।

# अमेरिकी सेनाको अपरेसन प्यासिफिक

एन्जल

अमेरिकी सेना नेपालमा दुई महिनाअघि अमेरिकी सेनाको प्यासिफिक कमान्डको प्रायोजनमा जंगी पोसाकमै उपस्थित त्यहीँका चिकित्सकहरूले मानवीय सहायता कार्यक्रम 'अपरेसन प्यासिफिक एन्जल' सञ्चालन गरे। पोखरामा भएको त्यस कार्यक्रममा स्थानीय ४ हजार १ सय ९५ जनाले निःशुल्क स्वास्थ्य परीक्षण गराए।

१२ वैशाख २००४ मा नेपालको स्वतन्त्र र सार्वभौम अस्तित्व स्वीकार्दै दौत्य सम्बन्ध स्थापना गरेको अमेरिकाको नेपाल चासोलाई पुष्टि गर्छ, यो अपरेसन प्यासिफिक एन्जलले। नेपाल सन्दर्भमा अमेरिका बेलायतपछि दोस्रो देश हो, जसले नेपालको सार्वभौमिकता स्वीकार गर्दै दौत्य सम्बन्ध स्थापना गरेको थियो। उक्त अपरेसनले एकातिर आफ्नो पुरानो मित्रराष्ट्रलाई सहायता गर्ने अमेरिकी मनोविज्ञान प्रतिविम्बित गर्छ भने अर्कातिर भूराजनीतिक संवेदनशीलता र सामारिक महत्त्वको देश नेपालमा उसको रणनीतिक चासो पनि दर्शाउाछ।

सोही रणनीतिक चासोको प्रतिनिधित्व गर्छ, नेपालमा आउने अमेरिकी सैनिकको हैसियत प्रस्ट्याउने स्ट्याटस अफ फोर्सेस एग्रिमेन्ट (सोफा सम्झौता)का लागि अमेरिकाले नेपाललाई दिइरहेको दबाबले पनि। उदाउँदा दुई आर्थिक महाशक्ति चीन र भारतका बीचमा रहेको नेपाललाई यतिबेला त्यस अमेरिकी प्रस्तावले कूटनीतिक जटिलता थपिदिएको छ। ०६८ जेठको दोस्रो साता रक्षा मन्त्रालयमा पुगेको अमेरिकी दूतावासको उक्त प्रस्ताव विचाराधीन छ। त्यसयता भएका उच्च अमेरिकी अधिकारीहरको भ्रमणका दौरान उक्त सम्झौता अनुमोदन गर्न पटक-पटक आग्रह गरिँदै आएको स्रोतको भनाई छ। यद्यपि, लिखित रपमा त्यस्तो कुनै ताकेता भने नेपाल सरकारले प्राप्त गरेको छैन।

सोफा सम्झौता कुन अपराधमा कसले न्यायिक कारबाही गर्ने भन्ने विषयसूग सम्बन्धित छ। खासगरी अन्य देशमा परिचालन भएका आफ्ना सैनिकको बचाउका लागि अमेरिकाले सोफा सम्झौताको प्रस्ताव अघि सार्ने गरेको छ, जसमा ती देशमा परिचालनरतैनाथ भएका सेनाको हैसियत के हुने भन्ने विषय उल्लेख हुन्छ। त्यसरी परिचालित सेना सम्बन्धित देशमा अपराधका घटनामा संलग्न भएको प्रमाणित भए कुन ( स्थानीय या अमेरिकी) कानुन अनुसार कारबाही हुने भन्ने नै सोफा सम्झौताको मूल विषय हो। आफ्ना सेनालाई आफ्नै कानुन अनुसार कारबाही गर्ने अमेरिकी प्रस्ताव नै सोफा सम्झौता हो। यो भूतपूर्व सैनिक र करारका तालिमकर्ताको हकमा पनि लागू हुन्छ। परिचालित फौजले कूटनीतिक संरक्षण पाउने हो कि होइन भन्ने पनि सोफाको एक मुख्य पाटो हो, जसले सम्बन्धित देशमा तैनाथ अमेरिकी सैन्यका लागि कर छूटको व्यवस्थादेखि विशेष नागरिकको दर्जासमेत दिलाउूछ। युद्धग्रस्त इराक, अफगानिस्तान मात्र होइन, अमेरिकी सेना तैनाथ भएका जापान, अस्ट्रेलिया, दक्षिण कोरिया, मध्यएसियाका मुलुकहरूसँग यसअघि नै अमेरिकाले सोफा सम्झौता गरसिकेको छ।

नेपालका हकमा भने यहा् अमेरिकी सेना परिचालित पनि छैन, न त तैनाथी नै छ। विभिन्न खाले तालिम तथा मानवीय सहायताका कार्यक्रमहरुका लागि मात्र अमेरिकी सैनिकहरू आवतजावत गर्छन्।

अमेरिकाले नेपाललाई सोफा सम्झौता गर्न प्रस्ताव गरेको यो पहिलोपटक भने होइन। स्रोतका अनुसार तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा पनि सोफाको प्रस्ताव पठाइएको थियो। त्यस समयमा दरबारको चाहनाबमोजिम जंगी अड्डा सकारात्मक नभएपछि प्रस्ताव अघि बढेको थिएन। पछिल्लो समय तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङको चैत ०६७ मा सम्पन्न दुई साता लामो अमेरिका भ्रमणलगत्तै सोफा सम्झौताको प्रस्ताव पुनः अघि बढाइएको हो। स्रोतका अनुसार अहिले नेपालले सोफा सम्झौताको प्रस्तावलाई छलफलमै अड्काउनुको एक कारण नेपाल आएका अमेरिकी सैनिकले अपराध गरेमा स्थानीय कानुन अनुसार कारबाही हुनुपर्ने उच्च सुरक्षा अधिकारीहरको आशय हो। त्यसको अर्को कारण अमेरिकासूगको नेपालले सोफा सम्झौता गर्ने कुरामा छिमेकी देशहरू भारत र चीनको पनि दबाबपूर्ण चासो हो।

नेपाली सेनाका पूर्वरथी बालानन्द शर्मा भने सोफा सम्झौताको प्रस्तावप्रति धेरै नकारात्मक छैनन्। भन्छन्, 'दुई देशका सेनाले संयुक्त काम गर्न आवश्यक ठानेमा तथा एकअर्का देशमा र तेस्रो मुलुकमा पनि संयुक्त तालिम गर्न आवश्यक ठानेमा त्यस्तो प्रस्ताव स्वाभाविक हुन जान्छ। तर, सोफामा हस्ताक्षर गर्दा आफ्नो देशको राष्ट्रिय स्वार्थलाई माथि राख्नु जरुरी हुन्छ।' सोफा सम्झौताको आवश्यकता मानवीय सहयोगमा पनि हुन सक्ने उनको भनाइ छ। त्यसो त प्यासिफिक कमान्डको पर्यवेक्षकका रपमा नेपाल डेढ दशकयता सहभागी छ। आफ्नो भूमिमा भएको अपराधको सजाय नेपालकै कानुन अनुसार गर्ने अडानमा नेपाल बस्ने हो भने सोफा सम्झौता त्यति गलत नभएको शर्माको धारणा छ। अहिले सोफा सम्झौता नभएको अवस्थामा आउने अमेरिकी सेनाको टोलीले व्यक्तिगत अनुमति मात्र पाएको हुन्छ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी सुरेश शर्मा सोफा सम्झौताका सम्बन्धमा सरकारको आधिकारिक धारणा परराष्ट्र मन्त्रालयले मात्र दिन सक्ने बताउँछन्। काठमाडौं स्थित अमेरिकी दूतावासले भने सोफा सम्झौताका सम्बन्धमा कुनै छलफल अघि नबढेको दाबी गरेको छ। त्यस सम्बन्धमा दूतावासले पठाएको इमेल प्रतिक्रियामा उल्लेख छ, 'अमेरिका र नेपालका राष्ट्रिय सेनाबीच धेरै मुद्दामा घनिष्ट सम्बन्ध छ र सोफा सम्झौताका बारेमा कुनै छलफल भइरहेको छैन।'

परराष्ट्र मन्त्रालयका अधिकारीहरु त्यस सम्बन्धमा जानकारी नै नभएको भन्दै पन्छिए। तत्कालीन रक्षासचिव (हाल गृहसचिव) नवीन घिमिरेले भने एक चरणमा छलफल र प्रतिक्रिया लिने कामसम्म गरिएको तर सोफा सम्झौताको पक्रिया अघि नबढाइएको जानकारी दिए। विपद् व्यवस्थापनको नेतृत्वदायी निकाय गृह मन्त्रालय भएका कारण उक्त मन्त्रालयसँग समन्वय गरेर मात्र प्रक्रिया अघि बढाउँदा राम्रो हुने प्रतिक्रिया छलफलका क्रममा प्राप्त भएको थियो।

सोफा सम्झौताले अमेरिकी मनोविज्ञानलाई पुष्टि गर्छ र त्यसको पछिल्लो उदाहरण हो, दोस्रो कार्यकालका लागि निर्वाचित अमेरिकी राष्ट्रपति बाराक ओबामाले घोषणा गरेको एसिया र एसिया प्यासिफिक क्षेत्र केन्द्रित रणनीति 'पिवेट टू एसिया'। आफ्नो रणनीतिक साझेदार मुलुक अस्ट्रेलियामा अमेरिकाले आफ्ना सेनाको आधार शिविर खडा गरसिकेको छ। भियतनाम, फिलिपिन्स, जापान, ताइवान, सिंगापुर र दक्षिण कोरियामा यसअघि नै अमेरिकी सेनाका आधार शिविर स्थापना भइसकेका छन्। ताजिकिस्तान, तुर्कमेनिस्तान र किगिजिर्स्तानमा उसको बलियो उपसथिति छ। यसै पनि, रणनीतिक रपमा दक्षिण चिनियाँ सागरको विवाद पेचिलो बन्दै गएको अवस्था छ।

नेपालमा अमेरिकी चासो कति बढेको छ भनेर थाहा पाउन नौ महिनायता अमेरिकी उच्च अधिकारीहरूले गरेको नेपाल भ्रमणको शृंखला नै पर्याप्त हुन्छ। जस्तो : पोखरामा सम्पन्न 'अपरेसन प्यासिफिक एन्जल'मा सहभागी हुन अमेरिकी सेनाको प्यासिफिक कमान्डका मेजर जनरल रस्सेल जे ह्यान्डी आएका थिए। जापानको ओकिनावामा रहेको अमेरिकी थर्ड मरनि एक्पेडिसनरी फोर्सका कमान्डर रहेका लेफ्टिनेन्ट जनरल केनेथ जे ग्लुकले पनि हालै नेपाल भ्रमण गरे। हालै प्रजातन्त्र तथा विश्व मामिलासम्बन्धी अमेरिकी उपविदेशमन्त्री मारिया ओटेरोले पनि नेपाल भ्रमण गरिन। गत २५-२६ भदौमा दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री रोबर्ट ओ ब्लेक पनि आए। उनले प्रधानमन्त्री बाबुराम भट्टराई, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहित प्रधानसेनापति गौरवशमशेर राणासँग पनि भेटेका थिए। २२ चैत ०६८ मा अमेरिकी राजनीतिक मामिला हेर्ने उपविदेशमन्त्री वेन्डी आर सेरमनले नेपाल भ्रमण गरेकी थिइन्। १२ चैत ०६८ मा दक्षिण र मध्यएसिया हेर्ने अमेरिकी उपसहायक विदेशमन्त्री एलिसा आयर्सले पनि नेपाल भ्रमण गरिन। अमेरिकी सेनाको प्यासिफिक कमान्डका जर्नेल फ्रान्सिस जे विसिन्र्कीले १७-२० मंसिर ०६८ मा नेपाल भ्रमण गरेका थिए।

अहिले सोफा सम्झौताको विषय विपद् व्यवस्थापनमा मिलेर काम गर्ने प्रयाससँग जोडिएर आएको छ। विपद् व्यवस्थापनमा सम्बनधित देशको राष्ट्रप्रमुख प्रधानमन्त्री नै सर्वोच्च अदालतको विरुद्धमा यी सेनाको दायित्व स्वाभाविक हो। त्यसैमा नेपाली सेनालाई आफूसँग 'इंगेज' गर्न चाहेको छ अमेरिकाले। द्वन्द्व अनुसन्धाता सफल घिमिरे भन्छन्, 'अमेरिका दक्षिण एसियामा आफ्नो मित्र शक्तिको खोजीमा छ र उसको नजर नेपाली सेनाको राम्रो अन्तर्राष्ट्रिय छविमा परेको देखिन्छ। तर, नेपालमा अमेरिकी उपस्थितिलाई ठूलै द्वन्द्व या युद्धको तयारीका रुपमा हेर्नुचाहिँ सही विश्लेषण हुँदैन।'

## सहमति त पहिला...

पछिल्लो समयमा एकीकृत नेकपा माओवादी नेतृत्वले दलहरूलाई झुक्याउँदै आएको छ। एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको बोलीको कुनै टुंगो छैन। बिहान एउटा कुरा, दिउँसो अर्को अनि बेलुका अर्कै कुरा बोल्ने प्रवृत्तिले गर्दा दाहाललाई पत्याउन सक्ने अवस्था छैन। मानौ दाहाल एक प्रकारका मझारी हुन्। मझारीले बाँदर नचाउँदा प्रत्येक ठाउँमा बेग्ला बेग्लै भाषा बोलेर बाँदर नचाउने गर्दछ। दाहालमा अहिले त्यही मझारी प्रवृत्ति हावी हुँदै गएको छ। एमाओवादीको हेटौंडामा भएको सातौं महाधिवेशनको उद्घाटनका क्रममा दाहालले अन्य दलहरूलाई धम्की दिँदै उद्घोष गरे - स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावी सरकार निर्माण गरौं, हाम्रो महाधिवेशनबाट एउटा फर्मूला आउँछ त्यो फर्मूला सबै दलले स्वीकार गर्नै पर्दछ। यदि स्वीकार नगरेको खण्डमा नेपाली काँग्रेस, एमाले लगायतका विपक्षी दलहरु निर्वाचनमा जान चाहँदैनन् भन्ने प्रमाणित हुने र जनताले नै त्यसको फैसला गर्ने भन्दै जनतालाई एमाओवादीको पेवा सम्झेका हुनाले अहिले पनि एमाओवादी नेतृत्व धम्की दिएर अन्य दलहरूलाई तह लगाउन चाहिरहेको जस्तो देखिएको छ। यसरी एमाओवादी नेतृत्व अन्य दलहरूलाई पाखा लगाएर एकलौटी ढंगले अगाडि बढ्न खोज्नु नै अधिनायकवादी मार्ग हो। महाधिवेशन उद्घाटनको क्रममा प्रधानमन्त्री बाबुराम भट्टराईले विपक्षी दलहरु निर्वाचनमा नगए पनि आगामी जेठ १५ गतेभित्रमा संविधानसभाको निर्वाचन गराई छाड्ने उद्घोष गरेका हुनाले एमाओवादी र भट्टराई सरकार सहमतीय सरकारको लागि तयार नभएको प्रमाणित भएको छ।

संविधानसभाको निर्वाचन भए पनि संविधानसभा राजनीतिक नेतृत्वको शिकार बन्ने हो भने संविधानसभाको निर्वाचन आवश्यक छैन। अरबौं रूपैयाँ खर्च गरेर निर्वाचन गराए पनि संविधानसभाले निकास निकाल्न नसकेको खण्डमा अरबौं रूपैयाँ बालुवामा पानी हाले सरह हुने भएको हुनाले अहिले नै संघीयता, प्रदेश, प्रदेशको नामाकरण, कार्यकारी अधिकार राष्ट्रपति कि प्रधानमन्त्री, संसद्को संख्या कति प्रत्यक्ष र समानुपाति कति, न्यायप्रणाली कस्तो हुने, माथिल्लो सदनको संख्या कति, प्रदेशहरूमा कति सदस्य विधायिका हुने जस्ता यी गम्भीर विषयहरूमा दलहरूबीच सहमति गरेर मात्र संविधानसभाको निर्वाचनमा जानु उचित हुनेछ। अहिले राष्ट्रपति, संविधान र सरकार सबै असफल सावित भइसकेको अवस्थामा मुलुकलाई निकास दिन दलहरु सहमत हुनै पर्दछ।

अस्मितामाथि नै खेलवाड गरेको छ। यी सबै तथ्यहरूले जसरी भए पनि एकीकृत नेकपा माओवादी विपक्षीहरूलाई पेलेरै भए पनि अधिनायकवादी मार्गतर्फ अग्रसर हुँदै गरेको प्रमाणित हुँदैन र ?

२०६२-०६३ सालको आन्दोलनको बलमा स्थापित भएको संविधानसभाबाट संविधान बनाउन नसक्दा मुलुक आज संवैधानिक र राजनीतिक संकटमा फसेको छ। यसरी मुलुकलाई संवैधानिक र राजनीतिक संकटमा फसाउने कार्यमा दलहरु नै सक्रिय भएका हुनाले उनीहरूले जनतालाई घात गरेका छन्। यो नेपाली जनतामाथि गरिएको राजनैतिक बेइमानी बाहेक अन्य केही होइन। संविधानसभाको वध गरिएको असर राष्ट्र, जनता र लोकतन्त्रमाथि नै पर्दै गएको छ। अब पनि संविधानसभाको निर्वाचन गरेर नेपाली जनताको इच्छा र आकांक्षा पूरा हुन सक्ने गरी संविधान निर्माण हुन्छ भन्ने ग्यारेन्टी के ? एकीकृत नेकपा माओवादीले चाहेको भए आजभन्दा दुई वर्ष अगाडि नै संविधान निर्माण हुन सक्थ्यो। तर माओवादीले आफूले भनेजस्तो संविधान निर्माण हुन नसक्ने अवस्था देखेपछि अनेक हतकण्डाहरु अपनाएर संविधान निर्माणमा अवरोध सिर्जना गरेको हुनाले संविधान निर्माण हुन नसकेको सत्य वास्ताविकता हो। संविधानसभाको निर्वाचन गरेर पनि फेरि पहिलेकै जस्तो रडाको मच्चिएर संविधान निर्माण भएन भने मुलुकले त्यस्तो हविगत कतिन्जेल थेग्न सक्ला ? यही नै अहिलेको जटिल प्रश्न हो।

devendrachudal@gmaol.com

# गृहसचिवद्वारा पुरस्कार प्रदान

काठमाडौं, गृहसचिव नविनकुमार घिमिरेले सशस्त्र प्रहरी बल केन्द्रीय खेलकुद समितिको आयोजनामा सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक स्वयम्भुमा गत माघ १७ गतेदेखि सञ्चालित ‘नवौं राष्ट्रव्यापी कृष्णमोहन स्मृति खुल्ला व्याडमिन्टन प्रतियोगिता-२०६९’ तथा ‘पाँचौं एपीएफ खुल्ला लनटेनिस प्रतियोगिता-२०६९’ को माघ २३ गते एक समारोहका बीच समापन गर्नुभयो। प्रतियोगिताका विजयी खेलाडीहरूलाई गृहसचिव घिमिरे, सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त, प्रहरी महानिरीक्षक कुवेरसिंह राना र कृष्णमोहन-नुडुप स्मृति प्रतिष्ठानका उपाध्यक्ष गोविन्ददास श्रेष्ठ लगायतले पुरस्कार, प्रमाणपत्र तथा शि ल्ड प्रदान गर्नुभयो। गृहसचिवले त्यसअवसरमा सशस्त्र प्रहरी बलले खेलकुदको क्षेत्रमा पुऱ्याएको योगदान सराहनीय रहेको चर्चा गर्नुहुँदै खेलकुदले विकास, अनुशासन र गतिशिलताको अवधारणालाई अनुसरण गर्ने उल्लेख गर्नुभयो। शान्त र समुन्नत राष्ट्रको लागि पनि खेलकुद अपरिहार्य रहेको उल्लेख गर्नुहुँदै गृहसचिव घिमिरेले मुलुकले खेलकुदको क्षेत्रमा उल्लेख्य लगानी गरेको कुरा समेत बताउनुभयो। उहाँले नेपाल एपीएफ क्लब लगायतका विभागीय क्लबहरूको खेलकुदको क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको चर्चा गर्नुहुँदै खेलकुद हरेक धर्म, जाती र लिगं लगायत सवैका लागि समान हुने उल्लेख गर्नुभयो। धन्यवाद ज्ञापनको क्रममा सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले सशस्त्र प्रहरी बलले सुरक्षा चुनौतीको सामाना गर्दै जनताको नैसर्गिक हकअधिकारको पूर्णरुपमा रक्षा गरी राज्यले सुम्पेको दायित्व कुशलतापूर्वक वहन गर्दै आएको उल्लेख गर्नुहुँदै बलले सीमित श्रोतसाधनको अधिकतम उपयोग गर्दै खेलकुदको क्षेत्रमा समेत राष्ट्रका लागि योगदान पुऱ्याइरहेको बताउनुभयो।

बलका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठले संगठनको विकास र विस्तारमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै उहाँकै नामबाट सशस्त्र प्रहरी बलले यस ब्याडमिन्टन प्रतियोगिताको आयोजना गर्दै आएको उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक वन्तले यस्ता प्रतियोगिताबाट कुशल खेलाडी पहिचान हुनका साथै राष्ट्रिय खेलाडीको उत्पादनमा समेत योगदान पुग्ने बताउनुभयो। सशस्त्र प्रहरी बलले आफ्नो व्यावसायीक कार्यका साथै नेपालको राष्ट्रिय खेलकुदको विकासमा निरन्तर अग्रसर रहिरहने उल्लेख गर्नुहुँदै उहाँले एपीएफ क्लबलाई आत्मनिर्भर र अझै सशक्त बनाउने लक्ष्यका साथ बलले कल्याणकारी सेवा केन्द्रबाट यसैवर्ष तीन करोड रुपैयाको अक्षयकोष स्थापना गरेको चर्चा समेत गर्नुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी बल केन्द्रीय खेलकुद समितिका अध्यक्ष सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक दुर्जकुमार राईले प्रतियोगिता सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुहुँदै प्रतिभावान खेलाडीको पहिचान र व्यावसायीक रुपमा खेलेरै बाच्न सक्ने आधार निर्माणमा यस्ता प्रतियोगिता उपयोगी हुने बताउनुभयो।

व्याडमिन्टन प्रतियोगिताको कूल पुरस्कार राशी तीन लाख ७५ हजार रुपैयाँ तथा लनटेनिस प्रतियोगिताको कूल पुरस्कार राशी दुई लाख ४५ हजार रुपैयाँ रहेको थियो। विभिन्न आठ इभेन्ट्स समावेश रहेको ब्याडमिन्टन प्रतियोगितामा ६४ जना महिला खेलाडीहरूसहित कूल चार सय ९१ जना खेलाडीहरूको सहभागिता रहेको थियो भने ६ वटा इभेन्ट्समा प्रतिस्पर्धा भएको लनटेनिस प्रतियोगितामा ३८ जना महिला खेलाडीहरूसहित कूल दुई सय ९१ जना खेलाडीहरूले भाग लिएका थिए।

ब्याडमिन्टन प्रतियोगितामा समावेश इभेन्ट्सहरूमा पुरुष एकल, महिला एकल, पुरुष युगल, महिला युगल, ४५ र ५५ वर्ष माथि भेट्रान्स युगल, मिक्स डबल्स, १७ वर्षमुनीका पुरुष र महिला तथा इन्टर गभर्मेन्टल सर्भिसतर्फ मास्टर्स् ३५ र ४५ वर्षमाथि युगलतर्फका इभेन्ट्स रहेको थियो। यसैगरी लनटेनिस प्रतियोगितातर्फको खेलमा पुरुष एकल, महिला एकल, पुरुष युगल, मिक्स डबल्स, ३५, ४५ र ५५ वर्षमाथि भेट्रान्स एकल तथा युगल र इन्टर गभर्मेन्टल सर्भिसतर्फका विभिन्न इभेन्ट्सहरू समावेश गरिएको छ।

सशस्त्र प्रहरी बलले राष्ट्रिय स्तरमा मुलुककै सर्वाधिक पुरस्कार राशीको कृष्णमोहन स्मृति खुल्ला व्याडमिन्टन प्रतियोगिता २०६१ सालदेखि प्रत्येक वर्ष संचालन गर्दै आएको छ। आन्तरिक रुपमा सशस्त्र प्रहरी महानिरीक्षक रनिङ ट्रफि फुटबल, भलिबल लगायतका प्रतियोगिता गर्दै आएको संगठनले राष्ट्रिय स्तरमा व्याडमिन्टन र लनटेनिस प्रतियोगिता आयोजना गर्दै आएको छ।

संगठनको प्रयासमा क्रिकेट, एथलेटिक्स, बक्सिङ, तेक्वान्दो, कराँते, फुटबल, भलिबल, ह्याण्डबल, व्याडमिन्टन तथा लनटेनिस लगायतका खेलहरूमा राष्ट्रिय स्तरका खेलाडी उत्पादन भएका छन्।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू ऋषभदेव भट्टराई, जीवनकुमार थापा र कृष्णकुमार तामाङ्ग लगायत नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका बरिष्ठ अधिकृतहरू तथा विभिन्न खेलकुद संघका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

# अदालत नै रिक्त हुँदै, कानुनीराज समाप्त

*पुष्कलराज पन्त*

भारतकी छोरीको सामुहिक बलात्कार हुँदा सिंगो भारत सडकमा उत्रियो र फास्ट ट्र्याक अदालतको माग गर्दै बलात्कारीलाई फाूसीको सजायको माग गरिरहेको छ। छोरी बचाउ, लैंगिक हिंसाको अन्त्य गर भन्ने भारतको त्यो उबालबाट नेपालले किन सिक्न नसकेको होला ? जे कुरा पनि भारतकै नक्कल गर्न जान्ने नेताहरू भारतका राम्रा कुराहरू पटक्कै अनुशरण गर्दैनन्।

नेपालमा महिना दिनभित्र ५० भन्दा बढी बाल र म ि ा जागा भए, नेपालमा महिनादिनभित्र यति धेरै घटना भइसक्दा पनि जनतामा जागरुकता पटक्कै आएको देखिन्न।

हुन त गत जेठ १४ गते संविधानसभाको बिघटन गराइएपछि संवैधानिक संकट सुरु भएको हो। संविधान यतिखेर कार्यान्वयनमा नै छैन। जति भ्रष्टाचार गरे पनि आर्थिक अनुशासन गर्न निर्देशित गर्ने महालेखा परिक्षक छैन, निर्वाचन गराउने निर्वाचन आयोग छैन, सर्वोच्च अदालतमा न्यायाधीशहरू अवकाशमा जाँदैगर्दा ६ जनामा सिमित हुनपुगिसकेको स्थिति छ। लोकसेवा आयोग त्यस्तै अपांग अवस्थामा पुगेको छ। संवैधानिक नियुक्तिका प्रावधान पूरा गर्न संसद छैन, संसद नभएपछि संविधान संशोधन हुने कुरा पनि भएन। अदालत नै खाली हुँदै गएको स्थितिमा जतिसुकै बलात्कारका घटना बढे पनि, महिला हिंसा भयावह हुँदै गए पनि फास्ट ट्र्याक अदालतको कुरा कोला कल्पनामा सिमित हुनु स्वभाविक हो।

राजनीति अन्धो भएपछि मुलुक अन्धेर नगरी हुन्छ भनिन्छ। नेपाल त्यस्तै अन्धेरनगरीमा परिणत हुनपुगेको छ। बिधि अथवा कानुनको राज नै नभएपछि अपराधिकरण हुनु, अराजकता बढ्नु स्वभाविक हो। राजनीतिक नेताहरूमा अझैसम्म मुलुकप्रतिको दायित्वबोध हुनसकेको छैन। फलस्वरुप नेपाल राष्ट्र अपराध नगरी बन्न पुगेको छ। संवैधानिक संकट खडा गर्नुको राजनीतिक द्वेषभाव पनि देखिन्छ। यही अस्थिर र अराजक स्थितिमा दण्ड भोगिरहेका अथवा दण्डित हुनुपर्ने अपराधीहरूको मुद्दा फिर्ता लिएर तिनीहरूका मार्फतबाट आफ्नो पार्टी बलियो हुन्छ भन्ने गलत सोचले पनि काम गरिरहेको छ। मानव अधिकार आयोगका अनुसार मुद्दा फिर्ता लिने प्रचलन बढ्नाले दण्डहीनताको मात्रा ह्वात्तै बढेको छ। यो स्थिति भनेको समाजलाई हिंसाको आगोमा झोस्ने राजनीतिक गलत कार्य हो।

# २८ गते हिन्दू राष्ट्र

काठमाडौं। राप्रपा नेपालले माघ २८ गते देशव्यापी रुपमा हिन्दू राष्ट्र गर भन्ने नारा लगाउने भएको छ। राप्रपा नेपालले सबै कार्यकर्ताहरूलाई आ-आफ्ना जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएर ज्ञापनपत्र दिने र ७५ जिल्लामै आमसभा गरेर ‘हिन्दू राष्ट्र कायम गर’ भन्ने आवाज उठाउने भएको छ। गत ११ गते जनकपुर पशुपति रथयात्रा सम्पन्न गरेको राप्रपा नेपालले नेपाललाई हिन्दू राष्ट्र घोषणा गराइछाड्ने संकल्प लिएको छ।

यसैबीच राप्रपा नेपालका प्रचार विभाग प्रमुख राजाराम श्रेष्ठले फागुन १६ गतेदेखि चैत्र मसान्तसम्म देशव्यापी रुपमा हस्ताक्षर अभियान थाल्ने र हिन्दू राष्ट्र घोषणा गराउन जनदबाब सिर्जना गर्ने बताएका छन्। उनले राप्रपा नेपाल संवैधानिक राजतन्त्र, हिन्दू राष्ट्रका विषयमा जनमत संग्रह गरेर जननिर्णय गर्नुपर्ने अडानमा कायमै रहेको जानकारी पनि दिएका छन्। उनका अनुसार राप्रपा नेपाल आगामी जेठमा महाधिवेशन सम्पन्न गर्ने कार्यमा जुटेको छ।

# भित्रभित्रै बाबुरामको विकल्प

काठमाडौं। हेटौंडामा पार्टी अधिवेशनमा बाबुराम कुर्लंदै छन्। काठमाडौंमा बाबुरामको विकल्प तयार हुँदैछ। प्रचण्डले स्वतन्त्र व्यक्तिको नेतृत्वमा सहमतिको सरकार गठन गर्ने संकेत गरेपछि शीर्ष दलका वुद्धिजीवीहरू पूर्व निर्वाचन आयुक्त भोजराज पोखरेल, पूर्व सभामुख दमननाथ ढुंगाना, पूर्वप्रधानन्यायाधीशमध्ये एकको नाममा वुद्धिविलास गरिरहेका छन्। पद्मरत्न तुलाधर दमननाथ ढुंगानाको पक्षमा उभिएका छन् र दिल्लीको केभी राजन र नेपालका रमेशनाथ पाण्डे समेत दमन ढुंगाना पक्षधर देखिएका छन्।

प्रतिपक्षी दलहरू आन्दोलन गरिरहेका छन् र काँग्रेसकै नेतृत्वमा चुनावी सरकार बन्नु पर्ने माग गरिरहेका छन्। यसैबीच निलकण्ठ उप्रेतीसहितका पूर्व निर्वाचनआयुक्तहरू कुनै पनि हालतमा जेठमा निर्वाचन हुनै नसक्ने दाबी गर्न थालेका छन्। यस्तो दाबी गर्नमा विदेशप्रेरित सूर्यप्रसाद श्रेष्ठसमेत अग्र पंक्तिमा छन्। रस्प्रचण्डले हेटौंडाबाट स्वतन्त्र कुनै पनि व्यक्तित्वको नेतृत्वको सहमतिको सूत्र लिएर आउने र जेठमै चुनाव गरेर आफूप्रतिका आरोपहरू पखाल्ने अवसरको उपयोग गर्ने राजनीतिक र कूटनीतिकवृत्तको समेत विश्वास देखिन थालेको छ।

# अपहरणको त्रासले सनसनी

काठमाडौं। भारतीय प्रहरीलाई समेत थाहा दिएर विराटनगरका व्यापारी गंगा.. राठीको अपहरण र हत्या गरिएको गरिएको समाचारले धेरै प्रश्न उठाएका छन्। भारतीय नागरिक सुरेन्द्रकुमार मिश्र र अभिजित बासु तथा मिश्रकी पत्नी मोनिका मिश्रबाट नेपालमा अपधरण धन्दा कसरी र किन चलिरहेको छ भन्ने खुलस्त भएको छ। तर प्रहरीले सबै वृतान्त अझै सार्वजनिक गर्न सकेको छैन।

राठीको हत्या र धार्मिक अभियन्ता चन्द्रप्रकाशको अपहरण र हत्याले नेपालको आर्थिक ढाडका रुपमा रहेका उद्यमी, व्यापारी समुदायमा व्यापक तहल्का मच्चिएको छ। यो सनसनी त्रासदीले चेम्बर, सीएनआई र नेपाल उद्योग वाणिज्य महासंघले सरकार र राजनीतिक दलहरूसँग सुरक्षाको माग गरेका छन्। सरकार र दलहरू घटनाको निन्दा गर्नमा समय खेर फालिरहेका छन्। यसैबीच पर्सामा ८ वर्षका बालक श्लोकको अपहरण काण्डलाई प्रहरीले अन्जाम दिएको छ। दुई जना अपहरणकारी मेर पनि बालकको सकुसल रिहाइ गरिएको छ। आजका बालबालिका भोलिका देशका कर्णधार हुन्। तर तिनको मनस्थितिमा असुरक्षा र भ्रम हाल्न अपधारीहरू सफल भएका छन्। प्रहरीले चाह्यो भने अपराधबाट मुक्ति हुने रहेछ भन्ने यो घटनाबाट शिक्षा लिएर राजनीतिक दलहरूले प्रहरीमा राजनीतिकरण र राजनीतिमा अपराधीकरण नगरिदिए समाजमा स्वच्छता र सुरक्षाको भाव फैलिने आशा गर्न सकिन्छ। अन्यथा भयभित उद्यमी, व्यवसायी र बालबालिकाका अभिभावकको मनस्थितिले अराजकता मात्र बहने छ।


## क्यासिनो सञ्चालन गर्ने इजाजत प्राप्त व्यक्ति वा निकायहरुलाई

## अत्यन्त जरूरी सूचना

क्यासिनो सञ्चालन गर्ने इजाजत प्राप्त व्यक्ति वा निकायहरुले आ.व.२०६९/०७० सम्मको बुझाउनु पर्ने रोयल्टी वापतको रकम र सो मा लागेको शुल्क तथा थप शुल्क समेत तिर्न बुझाउन बाँकी रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा यथाशीघ्र दाखिला गरी फरफारक गर्नु गराउनुहुन सूचित गरिन्छ। अन्यथा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजश्व विभाग, लाजिम्पाट**

# फागुन १ गतेदेखि रातो नीलो ग्यास सिलिण्डर

*विमला पाण्डे*

आपुर्ति सचिव लालमणी जोशीले दुई रङको सिलिण्डर फागुन १ गतेदेखी अनिवार्य लागु हुने बताएका छन्। मिडिया इन्टरन`सनलले आयोजना गरेको 'किन असफल भयो निलो सिलिण्डर योजना ?' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै सचिव जोशीले जुनसुकै हातलमा भएपनि फागुन १ गतेबाट दुई रङ (निलो र रातो) को सिलिण्डर लागु गर्ने बताएका हुन्। '१ हुन्छ, २ हुन्छ, जसरी पनि फागुन १ गतेबाटै लागु भएरै छोड्छ, जोशीको कथन छ।' कानुनी प्रकृया मिलाउँदा दुई रङको सिलिण्डर बजारमा आउन ढिला भएको सचिवको भनाई छ। ट्रेडमार्क, कार्यविधी, अनुदान, मुल्यसूची सबैकुरा मन्त्रिपरिषदबाट पारित भैसकेकोले व्ययभारमा लागु गर्न मात्र बाँकी रहेको भन्दै सचिवले २ रङको सिलिण्डर लागु भैसकेपछि व्यापारी प्रयोजनका लागि छुट्याइएको निलो सिलिण्डरको मुल्य बढ्ने र सर्वसाधरण उपभोक्ताले प्रयोग गर्ने रातो सिलिण्डरको मूल्य यथावत हुने पनि जानकारी दिनुभयो। उपभोक्तले जति पनि मुल्य तिर्न सक्ने क्षमता भएको भए २ रङको सिलिण्डर बजार ल्याउनुपर्ने आवश्यकता नभएको भन्दै जोशीले सर्वसाधरण उपभोक्तकै लागी २ रङको सिलिण्डर बजारमा ल्याउन लागेको हो। २ रङको सिलिण्डरको प्रयोगबाट निगमको घाटा घट्ने, उपभोक्तालाई अनुदान पनि हुने र बजारमा ग्यासको अभाव पनि नहुने सचिवले स्पष्ट पारेका छन्।

कार्यक्रममा बोल्दै नेपाल आयल निगमका कार्यकारी प्रमुख सुरेश अग्रवालले कारबाहीको नाममा ग्याँस कम्पनीहरूको पिडियो काट्न नमिल्ने बताउनुभएको छ। पिडीयो काट्दा ग्यास अभाव सृजना भै सर्वसाधरणको भान्सा रोकिने भन्दै सर्वसाधरणको भान्सा रोक्ने पक्षमा आयल निगम छैन। ग्याँसको कोटा काटेको समाचार गलत हो।

ग्यास बिकेता महांसघका महासचिव महेश्वर श्रेष्ठ भन्छन्: ग्याँस वितरण कार्डलाई आफुहरूले जिम्मा लिएपनि डिलर मापदण्ड प्रमाणित नगर्दा समस्या परेको छ। चामल, तरकारी र औषधी पसलले समेत ग्याँस बेच्न पाउने नीतिको अन्त्य हुनुपर्छ। कार्ड लागु हुने र अनुदान कहिले र कति दिने भन्नेकुरा स्पष्ट हुनुपर्छ।

एल पि ग्यास उद्योग संघका वरिष्ठ उपाध्यक्ष शिवप्रसाद घिमिरले दुई रङको सिलिण्डर ल्याउने भन्ने कुरामा आफुहरू सहमत भएको बताए। बिगतका दिनमा केही असमझदारी भए पनि अहिले सरकारलाई यस विषयमा पूर्ण सहयोग गर्न तैयार छौं भन्दै घिमिरेले भने- घरायसी र व्यापारीक प्रयोजनको लागी ५०/५० प्रतिशत सिलिण्डर बजारमा ल्याउने सरकारको निर्णयप्रति इंगित गदै प्रतिशत तोक्ने काम बजारको मागले हो, सरकारले होइन, निलो सिलिण्डर २ प्रतिशत मात्र पनि बिक्री हुनसक्छ।' कार्यक्रममा बोल्दै उपभोक्ता अनुसन्धान अधिकार मञ्चका अध्यक्ष माधव तिमिल्सेनाले ग्यास कार्ड भर्ने कुरामा सर्वसाधरण अझै अन्योल रहेको बताए। के का लागी र सरकारले अनुदान दिने कुरामा विश्वास नहुँदा उपभोत्ताले कार्ड भर्न आनाकानी गरेको खुलासा पनि गरे। उनले यस्ता कुरामा सचेत गराउनुपर्ने बताए।

## लेवनान जानेलाई प्रधानसेनापतिको निर्देशन

२०६९ माघ १५ गते प्रधानसेनापति महारथी श्री गौरव शम्शेर ज.व.रा.ले संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनार्थ UNIFIL MISSION, LEBANON मा तैनाथ हुन जाने श्री रणबम गण (शा.से.) ५३ औं डफ्काद्वारा पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा प्रस्तुत गरेको Pre-Deployment तालिमको निरीक्षण गर्नु भएको छ।

उक्त अवसरमा प्रधानसेनापति महारथी श्री राणाले नेपाली सेनाका परमसेनाधिपति सम्माननीय राष्ट्रपति डा.श्री रामवरण यादवद्वारा दिईएको शुभकामना सन्देश पढेर सुनाउनु भएको थियो। सोही अवसरमा प्रधानसेनापति महारथी श्री राणाले विगत ५४ वर्ष भन्दा बढी समयदेखि शान्ति स्थापनामा योगदान पुर्‍याउँदै आएको नेपाली सेनाले हालसम्म ९४,००० सैनिकहरू ३९ वटा मिशनहरूमा पठाई सकेको र हाल ११ वटा विभिन्न मिशनहरूमा ३७३८ शान्ति सैनिकहरू कार्यरत रहेको साथै नेपाली सेना स्वदेशमा मात्र नभई विदेशमा समेत आफ्नो पेशागत दक्षताको लागि परिचित छ भन्ने कुरा, शान्ति सेनामा यसबाट भएका योगदानहरूबाट प्रमाणित भएको स्मरण गराउँदै विश्वका विभिन्न स्थानहरूमा शान्ति कायम गर्ने सत् प्रयाशमा आफ्नो प्राण अपर्ण गर्ने ५८ जना नेपाली सेनाका बहादुर सैनिकहरू प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्नु भएको थियो।

प्रधानसेनापति महारथी श्री ज.ब.रा.ले नेपाली सेना 'नेपाल र नेपाली' को भरपर्दो शक्तिको रुपमा स्थापित भएको र यस शानलाई झुक्न नदिनु हामी सबैको कर्तव्य रहेको र देशको नै प्रतिनिधित्व गरी विदेशी भूमिमा आफ्नो पेशागत दक्षता, अनुशासन कर्तव्य परायणता प्रदर्शन गर्ने यस चुनौतीपुर्ण जिम्मेवारीलाई सैनिक मूल्य, मान्यता तथा आचरणहरूको ख्याल राखी अन्तर्राष्ट्रिय समुदायको अगाडी उत्कृष्ट नमूनाको रूपमा तपाईंहरूले प्रशंसनीय ढंगले पूरा गरी नेपाल र नेपाली सेनाको शिर अझ उच्च बनाउनु हुनेछ भन्नेमा आफु पूर्ण विश्वस्त रहेको बताउनु भएको थियो। प्रधानसेनापति महारथी श्री ज.ब.रा.ले शान्ति सेनामा सहभागि हुन जाने सकल दर्जाहरूलाई पाएको जिम्मेवारीमा सफलता मिलोस् भनि मंगलमय शुभकामना समेत दिनु भएको छ। उक्त कार्यक्रममा रक्षा सचिव श्री तिलकराम शर्मा लगायत नेपाली सेनाका उच्च पदस्थ अधिकृतहरूको समेत उपस्थिति रहेको थियो। श्री रणबम गण (शा.से.) ५३ औं डफ्फाको नेतृत्व प्रमुख सेनानी श्री नवराज गुरुङ्गले गर्नु भएको छ। श्री रणबम गण (शा.से.) ५३ औं डफ्फा फाल्गुनको चौथो हप्ता लेवनान प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

# वैदेशिक रोजथारमा ब्रह्मलूट चम्कियो

*धर्मरत्न श्रेष्ठ*

पूर्णचन्द्र भट्टराईलाई निकै काविल भनेर हल्ला चलेको थियो तर उनको कार्यकालमा पनि वैदेशिक रोजगारीमा हुने ठगी, शोषण कम हुनसकेन। विभागमै भ्रष्टहरूको चलखेल हुने भएपछि सम्बन्धित अन्य निकायहरूमा चलखेल हुनु स्वभाविक हो। यो चलखेल च्यानल मिलाउँदै एयरपोर्टसम्म फैलिएको देखिन्छ।

मुख्य सचिव लीलामणि पौडेलले समेत वैदेशिक रोजगारीमा हुने भ्रष्टाचारलाई रोक्छु भनेका थिए। राजनीतिक दबाबमा मुख्य सचिवको भाग्योदय चिठ्ठा परेर हो कि पौडेलको जागर आजकल वैदेशिक रोजगारीमा हुने भ्रष्टाचार र अनियमिततातिरभन्दा पनि महानिर्देशक फेर्नेतिर बढी देखिएको कर्मचारी बताउछन्।

दैनिक रुपमा हजारभन्दा बढी युवायुवती विदेश गइरहेका छन्। नेपालमा रोजगारी छैन, रोजगारी खोज्न युवाजमात विदेशीन बाध्य छन्। यही अवसरको लाभ उठाएर मानव तस्करहरू, रोजगार व्यवसायीहरू र सरकारी कर्मचारीहरूको मिलोमतोमा युवायुवतीहरूको चरम शोषण र तिनको श्रम र रगतमाथि खेलबाड गरिरहेका छन्। यो सबैभन्दा ठूलो महामारी हो। यो मानव तस्करीको महामारी जालो नहटाएसम्म नेपालबाट भ्रष्टाचार कम हुनसक्दैन।

प्रश्न छ, को को हुन् मानव तस्करी विरोधी ? राजनीतिक दल, सुरक्षा निकाय, कर्मचारीतन्त्र, मानवाधिकारवादी, समाजसेवी, रोजगारदाता, विमा कम्पनी, सहजकर्ताहरू ? कोही पनि बोल्दैनन्। दिनदिनै एयरपोर्टमा विदेशबाट लाश आइरहेको छ, कतिपय मानसिक र शारीरिक सन्तुलन गुमाएर फर्कने गर्छन्। कतिले विदेशमा शोषणमा परेर फर्कदा स्वदेशमै सतित्व र आर्थिक स्थिति गुमाउन परेका घटना पनि दोहोरिएका छन्। तैपनि पनि मानव तस्करी र शोषण, भ्रष्टाचार र अनियमितता घटाउनेतिर पटक्कै कसेको ध्यान गइरहेको छैन। कस्तो लोकतन्त्र हो यो ? चोर औंलाले छाप लगाएर श्रम स्वीकृति लिने म्यानपावर र व्यवसायी कर्मचारीसूग साठगाठ गरिरहेकै छन्। जतिसुकै कराए पनि श्रम बजारमा श्रमको शोषण अत्यधिक बढ्दै गएको छ।

वैदेशिक रोजगारसूग सम्बन्धित सरकारी कर्मचारीहरू भन्छन्- विभागदेखि अध्यागमनसम्म सेटिङ मिलाउने र रातारात करोडपति बन्ने एकपछि अर्को गर्दै थपिदै गएका छन्। कलर भिजा स्क्यानिङ, नेपाली नागरिकका पासपोर्ट विदेशीलाई लाखौमा बेचेर महल ठडाउने र वैदेशिक रोजगारीमा पठाउने भनी ठगी गर्ने गिरोहलाई वैदेशिक रोजगार ऐन वमोजिम कार्वाही नगरी घुसकै भरमा पीडकलाई छुटकारा दिंदा दैनिक ठगी बढ्नुलाई अस्वभाविक मान्न सकिन्न। फोनकै भरमा चाहे जति रकम कमाउन सकिने सजिलो पेशाका रुपमा वैदेशिक रोजगार व्यवसाय परिणत हुदा सम्बनधित निकायले दिगो समाधान पत्ता लगाउन नसक्दा भविष्यमा वैदेशिक रोजगार जटिल समस्याका रुपमा देखिने त छुदैछ, त्यसको अलावा सर्बसाधारण नागरिकको दैनिकी जोखिमपूर्ण बन्दै गएको छ। किन यतातिर राज्यको ध्यान जादैन ?




पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : २६ २०६९ माघ २६ गते शुक्रबार (Feb 8, 2013) मूल्य रू. ७/-

## लेन्डुप दोर्जेहरूको बिगबिगी

काठमाडौं । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले दुई जिब्रे नीतिका कारण मुलुक अहिले संकटको भुमरीमा फसेको छ । अध्यक्ष दाहालले गरेका उद्घोषहरूलाई विचार गर्ने हो भने उनी बिहान एउटा कुरा बोल्छन्, दिउँसो अर्को अनि बेलुका अर्कै । उनको कथनी र वचनको कुनै महत्व छैन । एक समयमा उनले उद्घोष गरे- विपक्षी दलहरूले प्रधानमन्त्रीको उम्मेदवार नतोक्दा सहमति हुन सकेन त्यसैले तत्कालै राष्ट्रिय सहमतिको सरकारका लागि प्रधानमन्त्रीको नाम घोषणा गर्नुहोस् । त्यसै अनुरुप नेपाली काँग्रेसले एकमतले नेपाली काँग्रेसका सभापति सुशील कोइरालाको नाम प्रस्ताव ग्यो । नेकपा एमाले लगायत अन्य विपक्षी दलहरूले एक मतले कोइरालालाई समर्थन गरे । कोइरालाको नाम घोषणा (बाँकी अन्तिम पेजमा)

# मन्त्रिपरिषद् नै भ्रष्टाचारमा चुर्लुम्म

काठमाडौं । डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले नै भ्रष्टाचार लागेको आरोपबाट मुक्ति पाउनको लागि विभागीय प्रमुख र सम्बन्धित विभाग र कार्यालय प्रमुख अनि आयोग, प्राधिकरणका सञ्चालकहरूले गर्न सक्ने निर्णयहरूमा समेत हस्तक्षेप गरेर भ्रष्टाचारकै लागि मन्त्रिपरिषद्बाटै निर्णय गर्ने परम्परा कायम गरेर भ्रष्टाचारलाई बढावा दिएको छ । सार्वजनिक खरिद ऐन अन्तर्गत कुनै पनि निकायले १० लाखभन्दा बढीको सामान खरिद गर्दा टेन्डर प्रक्रिया अपनाएर प्रतिस्पर्धाबाट खरिद गर्नु पर्ने ऐनलाई ठाडो चुनौती दिँदै नेपाल वायु सेवा निगमका लागि आन्तरिक उडानका लागि चारवटा विमान चिनियाँ जहाज खरिद गर्ने प्रक्रिया अगाडि बढाएको छ । नेपाल वायुसेवा निगमको सञ्चालक समितिले जहाज खरिद गर्न सक्ने निर्णय गर्न सक्ने भए पनि कमिशनको लागि जहाज खरिद प्रक्रिया मन्त्रिपरिषद्को वैठकबाटै निर्णय गराउने कार्यमा पर्यटनमन्त्री पोष्टबहादुर बोगटी लागिपरेका छन् ।



मन्त्रिपरिषद्ले गर्ने गरेका नीतिगत निर्णयहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गर्न नमिल्ने कानुनी व्यवस्था भएका कारण मन्त्रिपरिषद्बाटै निर्णय गराएर ठूला खरिद र निर्माणका ठेक्कामा विवादास्पद निर्णय गराउँदै ठूलो रकम कमिशन हात पार्ने दाउले पर्यटन मन्त्रालय र पर्यटन मन्त्रीले त्यही बाटो रोज्न लागेका हुन् । मन्त्रिपरिषद्ले खरिद ऐन मिचेर ठूला-ठूला निर्माणका ठेक्का र खरिद विषयका विवादास्पद निर्णयहरू गर्दै आएका कारण अन्य मन्त्रालयहरूलेसमेत मन्त्रिपरिषद्को वैठकबाटै गलत नियतले निर्णयहरू गराउने क्रम बढेको छ । नेपाल वायुसेवा निगमको अन्तर्राष्ट्रिय उडानका लागि पुरानै प्रक्रिया अनुसार जहाज किन्ने काम अगाडि बढाउने प्रस्ताव मन्त्रिपरिषद्मै रहेको बेला तीन वर्ष अघि भएको टेन्डर प्रक्रियाबाट छानिएको एयरवस एउटा न्यारो बडी जहाज खरिद (बाँकी अन्तिम पेजमा)

## आज राजधानीमा विपक्षी आन्दोलन

काठमाडौं । नेपाली काँग्रेस र एमालेको नेतृत्वमा नौ विपक्षी दलहरूको मोर्चाले आज राजधानीमा आन्दोलनको आँधी आउने बताएका छन् । एमाओवादीले माघ २० गते हेटौंडामा देखाएको जनप्रदर्शन र त्यहाँबाट भएको आक्रमणको जवाफ दिने प्रतिपक्षी मोर्चा पुरापुर तयारी गरेर राजधानीमा आउने भएको छ । बाबुराम सरकारलाई आन्दोलनको आँधीले लतारेर सहमतिको सरकार, संवैधानिक निकास र निर्वाचनको निश्चितता गर्न प्रतिपक्षी देशका विभिन्न सहरहरूमा आन्दोलन गर्दै आज राजधानीमा उत्रिन लागेका हुन् । विपक्षीहरू एक स्वरले आवाज उठाइरहेका छन् - एमाओवादी सहमति चाहँदैन, संवैधानिक र राजनीतिक (बाँकी अन्तिम पेजमा)

## दाहाल ढाँट र ढाँटको खेती गर्न सिपालु - नेपाल

अभियान संवाददाता



काठमाडौं । विपक्षी दलहरूले भट्टराई सरकारलाई सडकबाटै हटाउने उद्घोष गर्दै मुलुकभरका प्रमुख शहरहरूमा आमसभा गरिसकेका र आज काठमाडौंको टुँडिखेलमा विशाल आमसभा गर्ने भएका छन् । उक्त आमसभालाई विपक्षी प्रमुख दलका प्रमुख नेताहरूले सम्बोधन गर्दै पछिल्लो चरणको विरोध कार्यक्रम सम्पन्न गर्ने भएका छन् ।

यसै क्रममा माघ २२ गते पोखरामा आयोजना गरिएको विरोध सभालाई सम्बोधन गर्दै नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले यस आन्दोलनले अधिनायकवादी, सत्तालिप्सा र ढँटुवा एमाओवादीलाई तह लगाउने उद्घोष गर्दै एमाओवादीलाई समाप्त पार्ने उद्देश्यले नभएर तह लगाउन मात्र आन्दोलन गरिएको बताएका छन् । अब पनि एमाओवादी नसुधिए उसको राजनीतिक इतिहास समाप्त हुने उद्घोष गरे । सोही कार्यक्रममा बोल्दै नेता नेपालले एमाओवादी कम्युनिस्ट पार्टी नभएर उग्रवादी पार्टी भएको बताउँदै (बाँकी अन्तिम पेजमा)

### प्रचण्डलाई छोरीको प्रश्न
## सिमाना छुट्याउन के को जनमत सङ्ग्रह ?

अभियान संवाददाता

काठमाडौं । महाधिवेशनमा प्रस्तुत प्रचण्डको राजनीतिक प्रस्तावको छलफल र निष्कर्ष निकाल्न गठित ६३ समूहमध्येकी एक टोली प्रमुख थिइन्- प्रचण्डपुत्री रेणु । उनले प्रचण्ड प्रस्तावमा उल्लेखित सिमाना छुट्याउन, अतिक्रमणबारे निर्णय गर्न जनमत संग्रह गर्ने विषयमा प्रश्न गरिन्- सिमाना छुट्याउन के को जनमत संग्रह ? यो वेठीक प्रसंग हो ।

रेणुले उत्पादन बटालियन, विगतका शिविरका भ्रष्टाचार, अपराधीकरण र अवसरवादीका विषयमा पनि प्रतिवेदन प्रष्ट नभएको टिप्पणी गरेकी छिन् । यस्ता निर्णयले क्रान्तिकारी पार्टी एमालेकरण हुने रेणु टोलीको आशंका छ । यद्यपि अन्य टोलीहरूले पनि राजनीतिक प्रस्तावमा हजार गल्ती, कमजोरी देखाएका छन् । नारायणकाजीले त विप्पा सम्झौता र राष्ट्रियतामै प्रष्ट नभएको विमति राखेका छन् । (बाँकी अन्तिम पेजमा)

## महानिरीक्षकद्वारा सर्वोच्चको आदेश उल्लङ्घन

काठमाडौं । संविधानको अन्तिम व्याख्या गर्ने संवैधानिक अधिकार पाएको सर्वोच्च अदालतले २०६८ सालमा सर्वस्वसहित जन्मकैदको सजाय पाएका एमाओवादीको पूर्वसभासद् बालकृष्ण ढुङ्गेलको मुद्दामा संक्रमणकालीन न्याय व्यवस्थाको संयन्त्र नहुन्जेल फौजदारीइ न्याय प्रणाली नै सक्रिय हुने फैसला गरिसकेको अवस्थामा अदालतको फैसलालाई चुनौति दिँदै नेपाल प्रहरीका महानिरीक्षक कुबेरसिंह रानाले द्वन्द्वकालका घटनाहरूलाई अगाडि नबढाउन मातहतका प्रहरी अधिकृतहरूलाई निर्देशन दिएर नेपाल प्रहरीलाई एमाओवादीको भातृ संगठन जस्तो बनाउन खोजेको प्रष्ट भएको छ । (बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्री नै सर्वोच्च अदालतको विरुद्धमा

काठमाडौं । २०६१ सालमा हत्या गरिएका दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न भएका व्यक्तिहरूलाई उन्मुक्ति दिन अदालतले रोक लगाएपछि प्रधानमन्त्री भट्टराई र महान्यायाधिवक्ता मुक्ति प्रधानले सर्वोच्च अदालतको आदेश खारेज गर्न माघ १८ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गराएका छन् । सर्वोच्च अदालतकै अन्तरिम आदेशका कारण अभियुक्तहरूविरुद्ध दैलेख जिल्ला अदालतमा मुद्दा दर्ता भई अभियुक्तहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएपछि प्रधानमन्त्री र महान्यायाधिवक्ता दुवैले सर्वोच्चमा एउटै व्यहोराको छुट्टाछुट्टै निवेदन एकैसाथ पेश गरेका छन् । (बाँकी अन्तिम पेजमा)

# अबको विकल्प यही हो

शाश्वत शर्मा

दक्षिण-पश्चिमतिरबाट प्रायोजित हिंसात्मक आन्दोलन २०६२-०६३ का कथित उपलब्धिहरू आफ्नो समाप्तिको अन्तिम चरणमा पुगेको महसुस एकथरी नेपालीहरूले गर्न थालेका छन् । त्यसो त यो कुरालाई अतिशयोक्ति पनि भन्न सकिन्न । किनभने अहिले आएर सबैले बुझे र स्पष्ट पनि भयो कि, उक्त हिंसात्मक आन्दोलनको लक्ष्य शान्ति, संविधान, लोकतन्त्रको संस्थागत आदि छँदै थिएन भनेर । संवैधानिक राजतन्त्रको अन्त्य र हिन्दू धर्मको विस्थापन मात्र उक्त दक्षिण-पश्चिमबाट प्रायोजित आन्दोलनको मूल लक्ष्य थियो । नेपाली जनताहरूलाई जो त्यस आन्दोलनमा लागेका थिए, लाई यहीँनेर झुक्याइयो । नेपाल र नेपालीका सम्पूर्ण समस्याहरूको जड शाहवंशीय राजतन्त्र र हिन्दू धर्म नै हो भनेर रनभुल्लमा पारेर एकथरी नेपालीहरूलाई प्रयोग गरी राजतन्त्र र हिन्दू धर्मको उन्मुलन त गरियो .... तर त्यसपछिका घटनाक्रमहरूले खास समस्या के हो ? र समस्या कहाँबाट थियो ? भनेर छर्लङ्ग पारिदिएको छ । नितान्त उत्तरी ध्रुव र दक्षिणी ध्रुवको एकता गराएर नेपालको परम्परागत शक्तिलाई आफूखुसी पाखा त लगाइयो, तर त्यसपछि उत्पन्न दुष्परिणामहरूलाई आज हामीले भोगिरहनु परेको छ । हिजो चुनाव गराउन सार्वजनिक रुपमै नेपाली जनतासँग सिर्फ तीन वर्षको समय मात्र मागेका तत्कालीन राजा ज्ञानेन्द्रलाई अविश्वास गरेर दक्षिण-पश्चिमको ईशारामा माओवादीको पोल्टामा लुटपुटिन पुगेका काँग्रेस र एमालेहरू आज हुनै नसक्ने चुनाव (नयाँ संविधानसभाको) र बन्नु पर्ने भनिएको चुनावी सरकारको नेतृत्वका लागि एमाओवादीसँग हारगुहार गर्दैछन् । तर राजनीतिमा अरण्य रोदन र भिक्षाटनहरूको सुनुवाई हुँदैन भन्ने कुरा अहिले ती दुई दललाई एमाओवादीले वास्तै नगरेपछि पुन: पुष्टि भएको छ । आज काँग्रेस र एमाले हिजोका आफ्ना सहयात्री एमाओवादीसँग सत्ताको नेतृत्वको लागि भिख मान्दैछन् । तर अहँ..... एमाओवादीले टेर्दै टेर्दैन । गत शनिबार आन्दोलनको कलेवरमा विराटनगरको आमसभामा भाषण गर्दै (बाँकी ६ पेजमा)

## मन्त्रिपरिषद्...

गर्ने सम्झौता भएअनुसार हाल जहाज किन्ने प्रक्रिया अगाडि बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लगिएको हो। पर्यटन मन्त्रालयले केही महिनाअघि मन्त्रिपरिषद्मा लगेको प्रस्तावमा केही महिनाअघि टेन्डर प्रक्रिया छल्नकै लागि विना प्रतिस्पर्धा एयरवस सँगै थप एक न्यारो बडी जहाज ल्याउने निर्णय गरिसकेको छ। नेपालको प्रचलित कानुनले बिना प्रतिस्पर्धा निर्माण ठेक्क दिने र खरिद गर्ने अख्तियारी कसैलाई नदिए पनि डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले आफूलाई कानुनभन्दा माथि राखेर ऐन कानुनको बर्खिलाप हुने कार्य गरिरहेको छ। कानुनले मन्त्रिपरिषद्लाई कुनै खरिद र ठेक्का दिने अधिकार दिएको छैन। बिना प्रतिस्पर्धा निर्माण ठेक्का र खरिद गर्ने निर्णय गर्नु भनेको सार्वजनिक खरिद ऐनको ठाडो उल्लङ्घन हुनु हो। मन्त्रिपरिषद्ले गर्ने निर्णयहरूका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गर्न नपाउने कानुनी व्यवस्था भएको हुनाले भट्टराई नेतृत्वको सरकारले स-साना कार्यदेखि लिएर अरबौं अरबका कार्यहरूसमेत मन्त्रिपरिषद्को वैठकबाट निर्णय गराएर ठूलो भ्रष्टाचार गरेको छ। त्रिशुली ए ३ लगायत जहाज खरिद र पोखरा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल बनाउने त्यसका प्रमाणहरू हुन्।

## आज राजधानीमा...

संकटको निकास चाहँदैन, निर्वाचन चाहँदैन। अप्रत्यक्ष रुपमा एमाओवादी सत्ता कब्जा गरेर हातमा भएको सत्ता लम्ब्याउन चाहन्छ। विपक्षीहरूको आन्दोलन दैलेखबाट सुरु हुँदा खासै जनआकर्षण थिएन। जनकपुर, झापा, विराटनगर, पोखरा, धनगढी, नेपालगञ्ज आइपुग्दा व्यापक भिँड जुट्न थालेको छ। राजधानीको आन्दोलनमा सबै विपक्षी दलहरू भिँड जुटाउन कम्मर कसेर लागेकाले राजधानीमा 'जनताको सलह' निस्कने अनुमान गरिएको छ। काँग्रेस एमालेले त अनिवार्य रुपमा जनता उतार्न आफ्ना सबै नेता, भातृ संगठनहरूलाई उर्दी नै जारी गरेका छन्।

यद्यपि, यस्तो आन्दोलनबाट बाबुराम सरकार ढल्छ भन्ने विश्वास कसैलाई पनि छैन। यो सरकार हटाउन वैधानिक मार्ग छैन, आन्दोलनले सरकार हट्छ भन्ने सकिँदैन। त्यसैले प्रतिपक्षले सडक प्रदर्शन गरेर राष्ट्रपतिलाई कदम चाल्न दबाब सिर्जना गर्दै गएका छन्।

राष्ट्रपति डा. रामवरण यादव सहति गर भन्दा भन्दा थाकेर थकाइ मार्दैछन्। कानुनविद्हरूसँग छलफल गरिरहेका छन्। माओवादी अधिवेशनमा लागेकाले पनि राजनीति तातेको छैन। त्यसमाथि प्रचण्डले सहमतिको सूत्र लिएर आउँछु भनेकाले पनि एमाओवादी अधिवेशनको समाप्ति प्रतीक्षाको विषय बनेको छ।

## दाहाल ढाँट...

एमाओवादी नेताहरूलाई सत्ता, शक्ति र पैसा भए पुग्ने बताउँदै उनले भने अलोकतान्त्रिक अधिनायकवादी एमाओवादी उग्रवादी पार्टी हो। एमाओवादी पार्टी नवधनाढ्य, नवसामन्त र अर्बपतिको पार्टी भएको आरोपसमेत लगाउँदै हेटौंडामा भएको एमाओवादीको महाधिवेशनले अब बन्दुकको काम छैन भनेका छन् भन्दै एमाओवादी सत्ता लिप्सा भएको व्यङ्ग गर्दै उनले भने काठमाडौंका ठूला-ठूला टावर छोडेर कसरी जंगल जाउन् र बन्दुक बोकुन्।

माओवादी पार्टी ढँटुवा पार्टी र त्यस पार्टीका अध्यक्ष पुष्पकमल दाहाल ढाँटको खेती गर्न सिपालु भएको बताउँदै बिहान बोलेका कुरा दिउँसो फेर्ने, दिउँसो बोलेका कुरा साँझमा फेर्ने, बोलीको अडान र विश्वास नभएका दाहाल फटाहाहरूका राजा हुन भन्दै नेता नेपालले दाहालले आफू र अन्य नेताहरूलाई समेत पटक-पटक ढाँटेको रहस्य खुलासा गरेका थिए। दाहाल जो जसलाई भेट्छन् त्यसैसँग ठीक हुने दुई जिब्रे नेता भएको बताउँदै आफूसँग भेट्दा काँग्रेस वेठीक र काँग्रेससँग भेट्दा एमाले वेठीक भनेर कुरा काट्ने र दलहरूबीच फाटो हाल्ने व्यक्ति भएको हुनाले त्यस्ता व्यक्तिसँग सजग रहन अन्य दलका नेताहरूलाई आग्रहसमेत गरेका थिए। भारतसँग सुरुङ युद्ध गर्ने भनेर कार्यकर्तालाई उचाल्ने दाहाल भारतीय दूतावासमा पुगेर लम्पसार पर्ने प्रवृत्ति देखेर स्वयम् उनैका कार्यकर्ता र जनता आजित भएको बताउँदै यस्तो बोलीको ठेगान नभएको दाहाल र उनको पार्टीले देशलाई कहाँ पुऱ्याउला भन्ने प्रश्न समेत गरेका थिए। सोही कार्यक्रममा नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले राष्ट्रपतिलॆ देशलाई नयाँ प्रधानमन्त्री दिन असफल भएकोले आन्दोलनले निकास दिने बताउँदै राष्ट्रपतिलाई उचित कदम चाल्न आग्रह समेत गरेका थिए। सोही कार्यक्रममा राप्रपाका अध्यक्ष पशुपति शमशेर राणा लगायत अन्य विपक्षी दलका नेताहरूले भट्टराई सरकार र एमाओवादीको विरोध गर्दै सहमतीय सरकारका लागि पद त्याग गर्न प्रधानमन्त्री भट्टराईलाई आग्रह गरेका थिए।

## प्रचण्डलाई...

अब हेर्नुछ, प्रचण्डले कार्यकर्ताका असन्तुष्टि र पार्टीको राष्ट्रघात छताछुल्ल भएर उठेको तिब्र विरोधको धारलाई कसरी जीवन्छ र सन्तुष्ट बनाएर लैजाने छन् ?

## लेन्डुप...

हुने वित्तिकै तिनै अध्यक्ष दाहालले उद्घोष गरे- कुनै हालतमा पनि कोइरालाई स्वीकार गर्न सकिन्न। फेरि दाहालले बोली फेर्दै भने कुनै स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावी सरकार निर्माण गरौं पछि फेरि आफ्नै नाम जपे, पछिल्लो समयमा हेटौंडामा पुगेर उद्घोष गरे उद्घोष गरे जो सुकैको नाममा पनि सहमति हुन सक्छ भन्दै विपक्षीहरूलाई नाम प्रस्ताव गर्न आग्रह गरेका छन्। यी सबै तथ्यहरूले प्रमाणित हुन्छ एमाओवादी कुनै हालतमा पनि निर्वाचन गर्न चाहँदैन र ऊ सत्ता छाड्नसमेत तयार छैन। एकीकृत नेकपा माओवादीले सत्ताको लागि पैसा र पैसाको लागि सत्ता भन्ने सिद्धान्तलाई निरन्तरता दिँदै विदेशीको आडमा स्वदेशीलाई आफ्नो कब्जामा राख्ने खोज्ने प्रवृत्ति नै लेण्डुप दोर्जे प्रवृत्ति बनेको छ। यो प्रवृत्तिको अन्तिम शिकार सिक्कि भएको थियो। त्यही कारण सिक्किमको स्वतन्त्र पहिचान नै अन्त्य भयो। सिक्किमको पहिचान अन्त्य गराएवापत लेण्डुपले भारतबाट जिन्दगीको अन्तिम चरणको 'पद्म विभुषण' पदक सम्म पाएका थिए। त्यो पदक उनले एउटा राष्ट्रको पहिचान गुमाएवापत पाएका थिए।

डा. बाबुराम भट्टराईको डेढ वर्षीय कार्यकाल हेर्दा उनी पनि लेन्डुप दोर्जे मार्गतर्फ उन्मुख भएका छन्। उनको लेन्डुप दोर्जे प्रवृत्तिलाई उनैको पार्टी अध्यक्ष पुष्पकमल दाहालले सक्दो सहयोग र समर्थन गरिरहेका छन्। अहिले लेन्डुप दोर्जे प्रवृत्तिको प्रथम चरणमा नेपाल प्रवेश गरिसकेको छ। अरुलाई भ्रष्टाचारीको आरोप लगाउने भट्टराईले यो देशमा अहिलेसम्म कहिल्यै नदेखिएको भ्रष्टाचार गरेका छन्। मार्क्सवादको खोल ओढेर खुल्लम खुल्ला भ्रष्टाचार गरिएको छ। माथिल्लो त्रिशुली ३ ए को ठेक्कामा होस् वा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा होस् वा चीनबाट जहाज खरिद गरी ल्याउन लागिएको काममा होस् यी सबै कार्यमा खुल्लम खुल्ला भ्रष्टाचार गरिएको छ। विप्पा सम्झौताको दफ (१) अन्तर्गत दुई राष्ट्रको क्षेत्रको परिभाषासमेत फरक मापदण्ड प्रयोग गरिएको छ। आफूबाहेक अन्य कसैलाई पनि नगन्ने प्रवृत्ति ले गर्दा विस्तारै प्रधानमन्त्री डा. बाबुराम भट्टराई लेन्डुप दोर्जे मार्गतर्फ उन्मुख हुँदै गएको र अब सम्पूर्ण राष्ट्रवादीहरू लेन्डुप दोर्जेविरुद्ध एक भएर अगाडि नबढेको खण्डमा फेरि उक्सिन धेरै समस्या आइपर्ने प्राय निश्चित रहेको छ। एकपटक हिलोमा गाडिएपछि त्यसबाट निस्कन निकै गाह्रो पर्ने भएको हुनाले हिलोमा नगाडिदै सबै राष्ट्रवादी शक्तिहरू एक ठाउँमा भएर मुलुकलाई सिक्किमीकरण हुनबाट र लेन्डुप दोर्जेहरूको फन्दाबाट मुक्त हुनु आजको आवश्यकता हो भन्ने तर्क वुद्धिजीविहरूले गरेका छन्।

## अबको...

एमाले अध्यक्ष झलनाथ खनालले आफूहरूको यस किसिमको आन्दोलनबाट (?) सत्ता पक्षमा कम्पन गएको र अब एक धक्काबाटै यो कामचलाउ सरकार ढल्ने निश्चित छ भन्ने बताएता पनि यो कुरा मान्न कोही पनि तयार छैनन्। बरु एकथरी विश्लेषकहरूको विचारमा आक्रोसित जनताको संगठित भिँडले एक धक्का राम्रोसँग दियो भने अब बाबुराम नेतृत्वको सरकारमात्रै होइन कि यो कथित लोकतान्त्रिक, गणतान्त्रिक व्यवस्था नै गर्ल्याम्म ढल्ने बताउँदैछन्। हुन पनि हो, यो भाँडभैलो व्यवस्था कायम रहिरहनु पर्ने आधारहरू के हुन् त ? अब पनि किन यस्तो किसिमको राजनीतिक व्यवस्था यथास्थितिमा रहनु पर्ने हो ? नयाँ संविधानसभाको चुनाव हुने कुनै लक्षणै छैन। अब चुनावै नभएपछि सर्वमान्य संविधान बन्ने कुरा त झन परकै भयो। बाँकी के छन् त-हामीसँग ? तिनै म्याद गुज्रिएका राष्ट्रपति ! त्यही कामचलाउ सरकार ! खालि खालि संवैधानिक निकायहरू ! अनि अन्यौलपूर्ण राजनीतिक अवस्था ! त्यो बाहेक अरु के छ त ? अब भन्नलाई त राष्ट्रिय सहमतिका लागि र नयाँ चुनावका लागि केही दिनभित्रै (आजभोलिमा नै) एमाओवादीको हेटौंडामा हुँदै गरेको महाधिवेशनबाट नयाँ फर्मूला निस्कँदैछ भनेर भनिँदैछ। तर सबैजना विश्वस्त के मा छन् भने त्यो फर्मूला भनेको लोभलाग्दा पदहरूको समानुपातिक रुपमा बाँडफाँड मात्रै हो। अब बाबुराम प्रधानमन्त्रीमै कायम रहन्छन्... अनि काँग्रेस र एमाले लोभलाग्दा पदहरूमा भुल्छन्... यस्तो फर्मूला निस्कँदैछ- हेटौंडाबाट। यसको भेउ पाएका काँग्रेस र एमालेहरू अब कुनै पनि फर्मूला काम लाग्दैन भनेर उफ्रिन थालिसकेका छन्। अर्थात् के बुझिन्छ कि शान्ति, संविधान, राजनीतिक स्थिरताका यावत कुराहरूलाई पन्छाएर तीन-चार महिनाका लागि गठन हुने चुनावी सरकारको नेतृत्वको विषय पनि अहिले ठूलो समस्याको रुपमा प्रस्तुत गरिएको छ। यति छोटो समयका लागि सत्ताको नेतृत्व लिन पनि यत्तिको हानाथाप छ भने यिनबाट राष्ट्रले के आश गर्ने ? एकथरी विज्ञहरूका अनुसार यो सबै हिजो २०६२छनस्-०६३ मा एकता गराइदिनेले आज त्यसबाट हात झिक्नुले नै गर्दा हो। अझ स्पष्ट भन्नुपर्दा राजतन्त्र र हिन्दू धर्मलाई विस्थापन गराउन एकता गराइदिनेले त्यसपछि यहाँका दलहरूकामाझ अब अरु एकताको औचित्य र आवश्यकता समाप्त भएको देख्यो। त्यसैले घरी सत्ता पक्षलाई त घरी विपक्षीलाई च्यापेर, उचालेर आफ्नो अभिष्ट पूरा गरिरहेको छ- त्यो बाह्य शक्ति। अब भन्नलाई त नेपालको राजनीतिक अस्थिरताको असर छिमेकीको नाताले र खुला सिमानाको नाताले आफूलाई पनि पर्छ भनेर भनिएता पनि व्यवहारमा त्यो देखिँदैन। स्पष्ट रुपमा त्यसले नेपालमा नेपालीहरूकाबीच द्वन्द्व नै चाहेको देखिन्छ। त, खोक्रो पारिएको मुलुकको यो भाँडभैलो राजनीतिक व्यवस्था त्यो बाह्य शक्तिलाई पाच्य भए पनि अब राष्ट्रभक्ति नेपाली जनताहरूलाई स्वीकार्य छैन। जस्तो कि माथि नै उल्लेख गरियो, आक्रोसित नेपाली जनता संगठित रुपमा सडकमा उत्रिए भने त्यो बाबुराम नेतृत्वको सरकारलाई मात्र होइन कि वर्तमान राजनीतिक व्यवस्थालाई नै पतन गराउन सक्नेछन्। प्रष्ट होऔं, हाम्रो मुलुकमा यो खालको प्रयोग पनि काम लाग्दै लागेन। फेरि पनि भन्नुपर्ने हुन्छ, यहाँको कुनै पनि एक शक्तिलाई बाहेक गरेर अगाडि बढ्ने कुरा असम्भव छ। हिजो (०६२-०६३अघि) पनि यो सिद्ध भएकै हो र आज पनि त्यो प्रमाणित भइरहेको छ। तसर्थ ०६२-६३ सालमा यहाँका केही राजनीतिक दलहरू र नेताहरूले दक्षिण-पश्चिमको ईशारामा गरेको गल्तीलाई सच्याएर सबैलाई समेटी अगाडि बढ्नुबाहेकको अर्को विकल्प छँदै छैन। यो कुरालाई राष्ट्रभक्त नेपालीहरूले मनन् गरेकै होलान्।

## महानिरीक्षकद्वारा...

केही साता अगाडि अञ्चल प्रहरी प्रमुखको जिम्मेवारी पाएर सरुवा भएका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)हरूलाई निर्देशन दिने क्रममा प्रहरी महानिरीक्षक रानाले द्वन्द्वकालका घटनाहरूमा संक्रमणकालीन न्याय प्रणालीबाट निरुपण हुने भन्दै त्यसताका घटेका घटनाका मुद्दाहरू अगाडि नबढाउन निर्देशन दिएका छन्। वरिष्ठ प्रहरी उपरीक्षकहरूलाई निर्देशन दिँदै रानाले २०५२ सालमा माओवादी जनयुद्ध सुरु भएयता २०६३ मंसिर ५ मा भएको शान्ति सम्झौताको अवधिमा भएका कुनै पनि घटनामा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ अनुसार अनुसन्धान नगर्न निर्देशन दिएर प्रहरी महानिरीक्षकले नै संविधानको ठाडो उल्लङ्घन गरेका छन्। सोही निर्देशनका क्रममा महानिरीक्षक रानाले पत्रकार डेकेन्द्रराज थापाको हत्या जस्ता मुद्दामा उजुरी आए पनि चासो नदिनु र उजुरी समेत नलिनु, दर्ता नगर्नु भन्दै युद्धकालका घटनालाई सम्वोधन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग बन्ने र त्यसैले सबै मुद्दाको टुंगो लगाउने छ भन्ने निर्देशन मातहतका प्रहरीहरूलाई दिएर जनयुद्धकालका नाममा भएका जघन्य अपराधमा अपराधीहरूलाई उन्मुक्ति दिन प्रहरी महानिरीक्षक राना नै सक्रिय भएको प्रष्ट हुँदै गएको छ।

केही समय पहिला दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्या सम्बन्धी मुद्दामा प्रहरीले हात हालेको भन्दै महानिरीक्षक रानाले तत्कालीन दैलेखका प्रहरी नायब उपरीक्षकसँग असन्तुष्टि जाहेर गर्दै उनी लगायत केही प्रहरी निरीक्षकहरूको सरुवासमेत गरेर एमाओवादीको प्रियपात्र बन्न खोजेका थिए। स्मरण रहोस्, हालका प्रहरी महानिरीक्षक राना जनकपुर अञ्चलमा अञ्चल प्रमुख हुँदा उनलाई माओवादी कार्यकर्ताहरूलाई नियन्त्रणमा लिएर हत्या गरेको जस्ता गम्भीर र मानवअधिकार उल्लंघन गरेको अभियोग लागेको छ। त्यही कारण उनलाई बेलायत सरकारले बेलायत जान (भिषा) अनुमति दिन अस्वीकार गरेको थियो। पछिल्लो समयमा दैलेखका पत्रकार थापाको हत्यामा मुद्दा चलेको र हत्यामा संलग्न भएका व्यक्तिहरू अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा रहेका र मानवअधिकारको उल्लंघन गरेको भन्दै बेलायतमा नेपाली सेनाका कर्णेल कुमार लामा पक्राउ परेपछि महानिरीक्षक राना पनि पक्राउ पर्न सक्ने डरले गर्दा द्वन्द्वकालमा भएका हत्याका घटनामा हात नहाल्न उनी मातहतका प्रहरीहरूलाई निर्देशन दिएको सूत्रले दाबी गरेको छ।

## प्रधानमन्त्री...

थापा हत्यामा संलग्न भएका व्यक्तिहरूविरुद्ध कुनै पनि प्रमाण संकलन नगर्न प्रधानमन्त्री भट्टराईले मौखिक र प्रधानले लिखित आदेश दिएपछि त्यसकाविरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले माघ २ गते अन्तरिम आदेश जारी गरेको थियो। जिल्ला प्रहरी कार्यालय दैलेख र सरकारी वकिल कार्यालयलाई अदालतले संविधान वा कानुन बमोजिम कार्य कुनै पनि कारणले नरोक्नु र रोक्न नदिनु भन्दै कुनै गैरकानुनी अवरोध भएमा सर्वोच्च अदालतमा प्रतिवेदन पेश गर्नु भनेको थियो। त्यही आदेशको कारण थापा हत्यामा संलग्न भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने बाटो बन्द भएपछि अन्तरीम आदेश खारेज गरिपाऊँ भन्दै भट्टराई र प्रधानमन्त्री सर्वोच्च अदालत पुगेका हुन्। उनीहरूको भित्री दाउ भनेको थापा हत्यामा संलग्न भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने र त्यसको बाटो खोल्ने उपायका लागि अदालत गएको प्रष्ट भएको छ। प्रधानमन्त्री र महान्यायाधिवक्ता नै न्यायको खिल्ली उडाउँदै अपराध स्वीकार गरिसकेका व्यक्तिहरूलाई उन्मुक्ति दिने उद्देश्यले सर्वोच्च पुग्नुले फौजदारी न्याय प्रणाली नै ध्वस्त हुने सम्भावना बढेर गएको छ। प्रधानमन्त्रीले दिएको निर्देशनमा सर्वोच्चको अन्तरिम आदेश दिने निर्णयप्रति नै कडा प्रतिवाद गरिएको छ। द्वन्द्वकालमा घटेका घटनाहरूका बारेमा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी त्यसैको क्षेत्राधिकारमा पर्ने हुँदा अहिले फौजदारी न्याय प्रणालीले द्वन्द्वकालमा भएका घटनाहरूलाई निरुपण गर्न नसक्ने जिकिर गरिएको छ। २०६८ सालमा एमाओवादीका पूर्व सभासद् बालकृष्ण ढुंगेललाई सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको फैसला सुनाउँदा संक्रमणकालीन न्याय व्यवस्थाको संयन्त्र नहुन्जेल नियमित फौजदारी न्याय प्रणाली नै सक्रिय हुने फैसला गरिसकेको अवस्थामा प्रधानमन्त्री नै त्यसका विरुद्ध अदालत जानु भनेको सरकारले न्यायप्रणालीलाई स्वीकार गर्न नचाहनु हो भन्ने प्रमाणित भएको छ। प्रधानमन्त्री भट्टराईले डेकेन्द्रराज थापाको हत्यासम्बन्धी अनुसन्धान गर्न रोक लगाउन खोज्नु र त्यसका विरुद्ध सर्वोच्चमा रिट पर्नुले पनि भट्टराई आत्तिएका छन्। द्वन्द्वकालमा राज्य सरकार प्रमुख भएका भट्टराई कतै आफूलाई पनि थापा हत्यामा संलग्न भएका व्यक्तिहरूले पोलिदेलान कि भन्ने डरले उनीहरूलाई उन्मुक्ति दिलाउन ज्यानै दिएर लागेका हुनाले सरकार प्रमुख नै न्यायको विरुद्धमा लागेका छन् भनेर जनताले किन नभन्ने ?

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार